Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक

◆ वर्ष ११ ◆ अङ्क ३१७५ ◆ २०७७ भदौ १२ गते शुक्रबार ◆ ने.सं. ११४० ◆ पृष्ठ ८ ◆ Friday, August 28, 2020 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com




# संसद्बाट पास नभए पनि एमसीसीको काम अगाडि बढ्ने

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

अमेरिकी सरकारको सहयोगी संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन अर्थात् एमसीसी र नेपाल सरकारबीच भएको कम्प्याक्ट सम्झौतालाई नेपालको संसद्ले पास नगरे पनि तत्काल काम अगाडि बढाउन बाधा नपर्ने भएको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार अमेरिकाले उक्त कार्यक्रमका कामहरू अगाडि बढाएर दुवै देशको सहमतिमा पछि संसद्बाट पास गर्ने मिति तोक्न सकिने जानकारी गराएको छ । नेपालको संसद्बाट तोकिएको समयमा एमसीसी पास नभएपछि अर्थ मन्त्रालयले नयाँ मिति तोक्न पत्राचार गरेको थियो । तर, अहिले नै मिति तोक्न आवश्यक नभएको अमेरिकाले जानकारी गराएको छ ।

सत्तारूढ नेकपा महासचिव विष्णुप्रसाद पौडेल संयोजकत्वको 'नेकपा समस्या समाधान सुझाव कार्यदल, २०७७' ले बुँदा नम्बर १७ मा मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौतालाई राष्ट्रिय हितमा स्पष्ट पार्दै आवश्यकताअनुसार परिमार्जन र संशोधन गरी संसद्ले अनुमोदन गर्नुपर्ने सुझाव दिएको बेला अमेरिकाले तत्काल नेपालको संसद्बाट उक्त सम्झौता अनुमोदन नभए पनि काम अगाडि बढाउन बाधा नपर्ने जनाएको हो ।

नेकपाका दुई अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डलाई उक्त प्रतिवेदन केही दिनअगाडि नै बुझाइएको छ । नेकपाले मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता र सोसम्बन्धी कार्यदलको प्रतिवेदनमाथि स्थायी कमिटी र सचिवालयमा छलफल गर्नेछ । नेकपाको कमिटीमा उठेका प्रश्नको उत्तर सम्झौतामा हस्ताक्षर गर्ने दुवै पक्षले दिएपछि ती दुई कमिटीले परिमार्जन र संशोधनको आवश्यकता देखेन भने संसद्मा पेश गरिने नेकपा स्रोतको दाबी छ । उक्त सम्झौतालाई तत्काल पास गर्नुपर्नेमा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस तयार नै छ । किनकि उक्त सहयोग सम्झौतामा कांग्रेस सरकारमा भएको बेला सन् २०१७ मा हस्ताक्षर भएको थियो । त्यसमा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले हस्ताक्षर गरेका थिए ।

उक्त सहयोगमा अन्तर्देशीय विद्युत् प्रसारणलाइन निर्माण र सडक मर्मत तथा निर्माणको काम गरिनेछ । विद्युत् प्रसारणलाइन निर्माणको लागि नुवाकोटमा जग्गा अधिग्रहणको काम थालिए पनि कोभिड–१९ को महामारीको कारण हाल स्थगित छ । संसद्बाट अनुमोदन र जग्गा अधिग्रहणको काम रोकिए पनि काम अगाडि बढाउने अमेरिकी संकेतले कोरोना महामारी कम हुनासाथ काम सुरू हुने देखिन्छ । एमसीसी परियोजनामा अमेरिकी सैन्य सहयोग रहने प्रचार सो सम्झौताको विपक्षमा रहेकाहरूले गर्दै आएका छन् । तर, अमेरिकाले भने त्यसमा सैन्य सहयोग नहुने स्पष्ट पारेको छ ।

उक्त सहयोगको नाममा अमेरिकी सैनिक नेपाल आउने प्रचार गरिए पनि त्यसमा अहिलेसम्म सत्यता देखिएको छैन । सम्झौतालाई नेपालको संसद्को अनुमोदन किन खोजियो भन्ने बारेमा कसैले पनि स्पष्ट जवाफ दिएका छैनन् । तर, नेपालमा राजनीतिक अस्थिरता भएको बेला सम्झौता गरिएको कारण काम थालेपछि बीचमा राजनीतिक अवरोध नआओस् भनेर अमेरिकाले सहयोग सम्झौतालाई संसद्बाट अनुमोदन गर्नुपर्ने शर्त राखेको थियो । अहिले राजनीतिक स्थिरता देखिएको कारण संसद्बाट अनुमोदन गरिरहनुपर्ने आवश्यकता नदेखिएको नेताहरूको भनाइ छ । अमेरिकाले भने उक्त कार्यक्रम लागू गर्नका लागि नेपालले कतै पनि सम्मिलित हुनु नपर्ने र थप सम्झौतमा हस्ताक्षर गर्न नपर्ने स्पष्ट पारिसकेको छ ।

उक्त सहयोगबाट काठमाडौंको लप्सीफेदीबाट नुवाकोट हुँदै बुटवल न्यूगोरखपुर अन्तर्देशीय विद्युत् प्रसारणलाइनको निर्माण हुनेछ । ६० अर्ब रूपैयाँ अमेरिकाले सहयोग दिनेछ भने त्यसमा नेपालले थप १५ अर्ब रूपैयाँ लगानी गर्नुपर्नेछ । उक्त परियोजनाको काम पाँच वर्षमा पूरा गर्नुपर्ने अमेरिकी शर्त छ । नेपालमा विभिन्न आयोजनाको काम तोकिएको मितिमा नभइरहेको बेला अमेरिकाले काम सुरू भएको पाँच वर्षमै सक्नुपर्ने कडा शर्त राखेको छ ।

विकासशील देशहरूलाई ठूला पूर्वाधार आयोजना निर्माण गर्न साझेदारी गर्ने लक्ष्यका साथ अमेरिकी संसद्ले एमसीसी परियोजना सन् २००४ मा स्थापना गरेको हो । सन् २०१२ पछि भएका विभिन्न छलफलपछि सन् २०१७ मा नेपाल सरकार र अमेरिकी सरकारबीच वासिङ्टनमा सम्झौतामा हस्ताक्षर भएको थियो । उक्त परियोजनामध्ये करिब ४५ अर्ब रूपैयाँ विद्युत्को अन्तर्देशीय प्रसारणलाइन निर्माणमा खर्च हुनेछ ।

# अझै कोरोना बढ्ने सरकारी दाबी साढे ३५ हजार संक्रमित

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११



नेपालमा अझै केही समय कोरोना संक्रमण बढ्ने सरकारी दाबी बाहिर आएको छ । भदौ लागेपछि दैनिक कोरोनाको संक्रमण बढ्ने क्रममा बिहीबार देशभर एक हजार एक सय ११ जनालाई कोरोना पुष्टि भएको छ । काठमाडौं उपत्यकामा मात्र तीन सय ७७ जनामा कोरोना पुष्टि भएको छ । त्यसमध्ये पनि काठमाडौं जिल्लाका मात्रै थप दुई सय ७० जनामा बिहीबार कोरोना पुष्टि भएको छ । योसँगै काठमाडौं उपत्यकामा कोरोना संक्रमितको संख्या चार हजार नाघेको छ ।

संक्रमणदर दिनप्रतिदिन बढिरहेकाले केही दिनमा थप वृद्धि हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा जानकारी दिएको हो । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी र घनाबस्ती भएको ठाउँमा अहिले संक्रमण बढिरहेको मन्त्रालयको दाबी छ ।

संक्रमण देखिएपछि आइसोलेसनमा र लक्षण नभएकाहरू सम्भव भएसम्म घरमा आइसोलेसनमा बस्न मन्त्रालयले आग्रह गरेको छ । उपचार गर्ने अस्पतालको अभावमा सरकारले उक्त आग्रह गरेको हो । संक्रमण वृद्धि भएसँगै थप चुनौतीको सामान गर्नुपर्ने अवस्था सिर्जना भएको छ । मन्त्रालयले कोरोना संक्रमण अझै बढ्ने भन्दै सबैलाई आफ्नो जीवनशैली परिवर्तन गर्न आग्रह गरेको छ ।

कोरोनाको कारण बिहीबार मात्र देशभर नौ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पाँच महिला र चार जना पुरूष रहेका छन् । नेपालमा बिहीबारसम्म कोरोनाको कारण मृत्यु हुनेको संख्या एक सय ८९ जना पुगेको छ । नेपालका कोरोना संक्रमितको संख्या ३५ हजार पाँच सय २९ जना पुगेको छ ।

नेपालमा पछिल्लो समयमा घना बस्ती भएको सहरी र ग्रामीण भेगमा कोरोना संक्रमितको संख्या बढेको छ । त्यसैले घना बस्ती भएको क्षेत्र बढी जोखिमपूर्ण बन्दै गएको छ । सरकारले जोखिम घटाउन निषेधाज्ञा लगाए पनि त्यसको पूर्ण पालना हुनसकेको छैन ।

यसैबीच, सरकारले कोरोना भाइरस (कोभिड–१९)को फोकल पर्सनका लागि महेन्द्र श्रेष्ठलाई तोकेको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले बिहीबार मन्त्रीस्तरीय निर्णय गर्दै मन्त्रालयका १२औं तहका कर्मचारी श्रेष्ठलाई कोभिड–१९ को फोकल पर्सनका रुपमा तोकेका हुन् । यसअघि श्रेष्ठले कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी)मा मन्त्रालयका तर्फबाट नेतृत्व गरेका थिए ।

# सहसचिवलाई सेज हाँक्ने जिम्मेवारी

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

सरकारले विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज)को कार्यकारी निर्देशकको जिम्मेवारी बलराम रिज्याललाई तोकेको छ । हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयकै सहसचिव पदमा रही जिम्मेवारी सम्हाल्दै आएका रिज्याललाई मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले कार्यकारी निर्देशकको जिम्मेवारी दिने निर्णय गरेको थियो । बिहीबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता तथा अर्थ, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडाले सेजका कार्यकारी निर्देशकको नियुक्ति नहुन्जेलसम्मका लागि रिज्याललाई सेजको जिम्मेवारी दिएको हो ।

मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ, 'उद्योग तथा आपूर्ति मन्त्रालयका सहसचिव रिज्याललाई सेजको कार्यकारी निर्देशकको समेत काम गर्ने गरी तोकिएको छ । कार्यकारी निर्देशकका लागि प्रतिस्पर्धा गर्नेमा सहसचिव रिज्यालसँगसँगै सेजका पूर्वकार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, वाणिज्य तथा उपभोक्ता संरक्षण विभागका पूर्वमहानिर्देशक योगेन्द्र गौचन, कुमार दाहाल, रघुराज काफ्ले, जनार्दन गुरागाईं र दोलखाका प्रदीपकुमार मैनाली रहेका छन् ।

पछिल्लो समयमा भने

➤ बाँकी पृष्ठ २ मा

# सशर्त वित्तीय हस्तान्तरणका कार्यक्रम पारदर्शी बनाउने प्रयास

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

सरकारले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत पठाइएका कार्यक्रमको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्यांक व्यवस्थापनका शर्त पारित गरेको छ । ती शर्तले उक्त कार्यक्रम पारदर्शी बनाउन सहयोग पुग्नेछ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले सर्वोच्च अदालत र मातहतका उच्च अदालतको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणीका सहसचिव उदयबहादुर रानामगर र सहसचिव नवराज ढकाललाई परराष्ट्र मन्त्रालय वा अन्तर्गत सरूवा गर्ने निर्णय गरेको छ । उनीहरूलाई क्रमशः हङकङ र ल्हासाको महावाणिज्यदूत बनाउन सरूवा गरिएको हो । यस्तै, बैठकले गृह मन्त्रालयको उत्तर पश्चिममा रहेको खाली जग्गामा सिंहदरबारको सीमा पर्खालबाट न्यूनतम १० मिटर चौडाइको ग्रिन बेल्ट कायम गर्ने गरी ४३ रोपनी छ आना जग्गा चण्डीदल गणलाई उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले श्रीलंकाद्वारा आयोजना गरिने २१औं बिमस्टेक 'सिनियर अफिसियल्स मिटिङ्गमा नेपालका तर्फबाट सहभागी हुन परराष्ट्र सचिवको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने निर्णय गरिएको छ । बैठकले नेपालले भर्चुअल माध्यमबाट आयोजना गर्ने सार्क

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि




# एक वर्षलाई पुग्ने वस्तु तथा सेवा आयात धान्ने विदेशी मुद्रा 'स्टक'

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

कोरोनाको विश्वव्यापी महामारीका कारण आयात र निर्यात दुवैमा संकुचन आउँदा विदेशी मुद्राको सञ्चिति भने बढेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको २०७७ असार मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनअनुसार २०७६ असार मसान्तमा १० खर्ब ३८ अर्ब ९२ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति



३४ दशमलव नौ प्रतिशतले बढेर २०७७ असार मसान्तमा १४ खर्ब एक अर्ब ८४ करोड पुगेको छ ।

अमेरिकी डलरमा भने यस्तो सञ्चिति २०७६ असार मसान्तमा

➤ बाँकी पृष्ठ २ मा

## वैदेशिक सम्पत्ति १४ खर्ब ६७ अर्ब

काठमाडौं, भदौ ११ । नेपाल राष्ट्र बैंकका अनुसार २०७७ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति १४ खर्ब ६७ अर्ब ७९ करोड रूपैयाँ पुगेको छ । यस अवधिमा मुलुकको कुल वैदेशिक दायित्व भने ११ खर्ब ९५ अर्ब ८३ करोड रूपैयाँ कायम भएको छ ।

सोही आधारमा खुद वैदेशिक सम्पत्ति र दायित्वको

➤ बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीको कल्याणकारी सेवा बिचौलियामुक्त हुँदै

आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

वैदेशिक रोजगार बोर्डले चालू आर्थिक वर्ष २०७७/०७८ देखि कल्याणकारी सेवालाई अनलाइन प्रणालीमार्फत स्थानीय तहसम्म विस्तार गर्ने नीति लिएको छ । वैदेशिक रोजगार बोर्डले चालू आवको लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममार्फत सेवाग्राहीको पहुँचलाई सरल र सहज बनाउनको लागि कल्याणकारी सेवालाई अनलाइन प्रणालीमार्फत स्थानीय तहसम्म विस्तार गरेको जानकारी दिएको छ ।

बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले बोर्ड अनलाइन प्रणाली सञ्चालनको लागि अन्तिम चरणमा पुगेको बताए । अनलाइन निर्माणको काम अन्तिम चरणमा पुगेको छ । 'विकेन्द्रीकरणअन्तर्गत सरलीकरणका उद्देश्य लिई हामीले स्थानीय तहसँग समन्वय गरी अनलाइन सेवा दिने नीति लिएका हौं', निर्देशक श्रेष्ठले आर्थिक दैनिकसँग भने, 'कल्याणकारी सेवाको लागि स्थानीय तहको सिफारिस अर्थात् समन्वय आवश्यक हुन्छ । त्यसैले समन्वय गरी अघि बढेका

➤ बाँकी पृष्ठ २ मा

# कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

रोल्पा, भदौ ११ । परिवर्तन गाउँपालिका २ बागमारा बादी टोल बस्ने ४० वर्षीय मन बहादुर बादीको हत्या गरेको अभियोगमा सोही स्थान बस्ने ४४ वर्षीय रामचरण बादीलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

रामचरणले घरको ढोका ढक्ढकाएपछि ढोका खोल्न आएका मन बहादुरलाई एक्कासि चिरपट दाउराले टाउकोमा हान्दा उनको घटनास्थलमै मृत्यु भएको थियो। घटनाको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी बागमारा र इलाका प्रहरी कार्यालय घर्तिगाउँबाट खटिएको प्रहरीले रामचरण बादीलाई नियन्त्रणमा लिएको हो ।

# करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं, भदौ ११ । मुस्ताङ, १५ वर्षीया बालिकालाई ललाइफकाइ गरी जबर्जस्ती करणी गरेको अभियोगमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका १ बस्ने रूकुम (पूर्व) पुथाउत्तरगंगा गाउँपालिका ९ घर भएका २७ वर्षीय टेक प्रसाद सुनारलाई प्रहरीले पक्राउ गरेको छ ।

सुनारले ती बालिकालाई मंगलबार ललाइफकाइ गरी जबर्जस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मुस्ताङ र इलाका प्रहरी कार्यालय मुक्तिनाथबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यसैगरी भक्तपुरमा पनि १७ वर्षीया किशोरीलाई जबर्जस्ती करणी गरेको अभियोगमा भक्तपुर महानगरपालिका २ औद्यौगिक क्षेत्र बस्ने मोरङ घर भएका २१ वर्षीय शृजन रायलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ती किशोरीलाई २०७६ माघ २६ गते भक्तपुर महानगरपालिका १ दूधपाटीस्थित गेष्ट हाउसमा लगेर जबर्जस्ती करणी गरी फरार रहेका रायलाई खोजी गर्ने क्रममा महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले भक्तपुर महानगरपालिका २ औद्यौगिक क्षेत्रबाट पक्राउ गरेको हो ।

# तास खेलिरहेको अवस्थामा पाँच जना पक्राउ

कास्की, भदौ ११ । पोखरा महानगरपालिका १४ कदम मार्ग डेरा गरी बस्ने देबिलाल तिमिल्सिनाको कोठामा तास खेलिरहेको अवस्थामा सोही महानगरपालिका १३ मियापाटन बस्ने ४२ वर्षीय जिवन नेपालीलगायत पाँच जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले उनीहरूलाई तास खेलीरहेको अवस्थामा एक लाख ३६ हजार एक सय ७० रूपैयाँ नगद र ताससहित फेला पारी पक्राउ गरेको हो ।


## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## सिंहदरबार, काठमाडौंको
### सूचना

हाम्रो देशमा रहेको आवादयोग्य भूमिको ठूलो हिस्सा उपयोगविहीन अवस्थामा रहेको तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारको चालू आवको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा आवादयोग्य भूमिलाई उपयोगविहीन रहन नदिन र त्यस्तो जग्गालाई क्षमता र उपयुक्तताको आधारमा कृषि वा अन्य कार्यमा उपयोग गरी उत्पादन बढाउने र बेरोजगार युवाहरूलाई कृषि कार्यमा समेत लाग्न प्रोत्साहित गरी रोजगार सिर्जना गर्ने उद्देश्यले भूमि बैंकको सञ्चालन गर्ने कार्यक्रम ल्याएको छ । यस कार्यक्रमअनुसार कुनै व्यक्तिले आफ्नो जग्गामा आफैँले आवाद कमोद गर्न नचाहेमा वा नसक्ने भएमा त्यस्तो जग्गा स्थानीय तहमा सञ्चालित भूमि बैंकमा निक्षेपको रूपमा जम्मा गर्नुपर्ने र भूमि बैंकले यस्तो जग्गा उपयोग गर्न चाहने व्यक्ति, परिवार, समूह, सहकारी, कम्पनीहरूलाई लगानीको रूपमा उपलब्ध गराउनुपर्ने अवधारणा अघि सारिएको छ । यसरी बैंकले जग्गाधनीको जग्गा उपयोगकर्तालाई उपलब्ध गराएबापत निश्चित रकम उपयोगकर्ताबाट लिने र आफ्नो सामान्य सेवा शुल्कबापतको रकम कटाई बाकी रकम जग्गाधनीलाई उपलब्ध गराउने गरी भूमि बैंकको प्रारम्भिक अवधारणा तयार गरिएको छ । यसै विषयमा मन्त्रालयले विगत केही समयदेखि विभिन्न विज्ञ, पेशाकर्मी तथा सरोकारवालाहरूसँग परामर्श र अन्तर्क्रिया गर्दै आइरहेको छ । यो विषय राष्ट्रिय महत्वको भएको र सर्वसाधारणको समेत चासोको विषय भएकोले सम्बन्धित व्यक्ति, संघ-संगठन, विभिन्न सरोकारवाला समूह, पेशाकर्मी, विज्ञ, शोध अनुसन्धानकर्तालगायत सम्पूर्ण इच्छुक सरोकारवालाहरूले भूमि बैंक सञ्चालनसम्बन्धी संस्थागत व्यवस्था, संगठन संरचना, जनसहभागिता, स्थानीय तह, प्रदेश र संघीय सरकारको जिम्मेवारी तथा भूमिका, निजी क्षेत्रको सहभागिता, यसले गर्ने काम लगायतका विषयमा आफ्नो लिखित राय/सुझाव र परामर्श देहायको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उपलब्ध गराई सहयोग पुऱ्याई दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

इमेल :- molcpa@gmail.com, info@molcpa.gov.np
फ्याक्स :- +977-1-4232262


# सहसचिवलाई...

कार्यकारी निर्देशक छनौटमा परेका सदस्यहरूलाई भदौ ६ गतेको लागि लिखित परीक्षाको लागि बोलाएको भए पनि मन्त्रालयले कोभिडका कारण स्थगित गरेको थियो । कोभिडको जोखिम बढेसँगै स्थानीय प्रशासनबाट काठमाडौं उपत्यकामा गत बुधबारदेखि निषेधाज्ञा जारी भएकोले उक्त मितिमा हुने भनिएको परीक्षा भदौ ११ गते हुने भएको छ । योसँगै कार्यकारी निर्देशक नियुक्तिको विषयमा समस्या भएको थियो ।

गत कात्तिक ३० गते पहिलोपटक र पुनः मंसिर ४ गते कार्यकारी निर्देशकको पदपूर्तिको लागि मन्त्रालयले सूचना जारी गरेको थियो । पहिलोपटकको कार्यकारी निर्देशक पदका लागि पर्याप्त निवदेन नपरेसँगै मन्त्रालयले पुनः कार्यकारी निर्देशक नियुक्तिको लागि सूचना जारी गरेको थियो ।

सेजको विकासमा ढिलाइ भइरहँदा समेत सरकारले कार्यकारी निर्देशक नियुक्त गर्न नसकेको अवस्थामा सहसचिव रिज्यालालाई जिम्मेवारी प्रदान गरिएको हो । भैरहवा सेजमा लामो समयदेखि सबस्टेसन निर्माण नहुँदा उद्योगीहरू प्रवेश गर्नसकेका छैनन् भने सिमरा प्राधिकरणको ए ब्लकमा भाडादरको विवाद रहेको छ ।

यस्तै बैठकले विद्युतीय माध्यमद्वारा गरिने व्यापार (इ-बिजनेस) सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति समेत प्रदान गरेको निर्णय गरेको छ । विद्युतीय माध्यमद्वारा गरिने व्यापारमा वृद्धि भएसँगै विधेयक निर्माणको लागि सरोकारावालाहरूले आवाज उठाउँदै आएकामा सरकारले सो विषय समेट्ने गरी उक्त निर्णय गरेको हो ।

# सशर्त...

मन्त्रिपरिषद्को अनौपचारिक बैठकमा परराष्ट्रमन्त्रीको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने, सडक डिभिजन, चन्द्रनिगाहपुर रौतहटको कार्यक्षेत्रभित्र सर्लाही जिल्लाको एकादशी खोलामा निर्माण भइरहेको पुलको एप्रोच सडक (पहुँच मार्ग)मा पर्ने कुल ११ घर टहरालाई मुआब्जा तथा क्षतिपूर्ति दिने र सम्बन्धित डिभिजन प्रमुखलाई प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ ।

सरकारले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस, पुल्चोक ललितपुरलाई बी.ई. एरोस्पेसमा नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । आर्थिक वर्ष ०७७/०७८ का लागि वन तथा वातावरण मन्त्रालयअन्तर्गतका आयोजना तथा कार्यक्रमका लागि राजपत्रांकित श्रेणीको ४५ अस्थायी दरबन्दी सिर्जना गर्ने, माई बेनी जलविद्युत् आयोजना (९.५१ मे.वा.) को हेडरेस, सेटलिङ बेसिन र पेनस्टकलगायतका संरचना निर्माण गर्न इलाम नगरपालिका-६ स्थित राष्ट्रिय वन क्षेत्रको ४.७७ हेक्टर जग्गा ३० वर्षसम्म प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ । उच्च शिक्षाका लागि विदेशी विश्वविद्यालयमा अध्ययन गर्न जान चाहने विद्यार्थीलाई वैदेशिक अध्ययन अनुमतिपत्र जारी गर्ने कार्य पुनः सुचारु गर्ने, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (विद्यार्थी वित्तीय सहयोग कार्यक्रम)मा आव ०७७/०७८ मा गत साउन १ गतेदेखि आगामी पुस १६ गतेसम्मका लागि अधिकृतस्तरका तीन अस्थायी पदको दरबन्दी सिर्जना गर्ने निर्णय समेत गरिएको छ ।

साथै सरकारले लोक सेवा आयोगबाट सिफारिस भएका डा. रश्मि शर्मा, डा. वर्षा थापा र लिली श्रेष्ठलाई नेपाल स्वास्थ्य सेवाको ११औँ तहको पदमा नियुक्त गर्ने, विश्व स्वास्थ्य संगठन दक्षिण पूर्वी-एसिया क्षेत्रीय समितिको ७३औँ बैठकमा सहभागी हुन स्वास्थ्य तथा जनसंख्यामन्त्रीको नेतृत्वमा अन्य दुई जनालाई सहभागी हुन स्वीकृति दिने, नेपाल स्वास्थ्य सेवा, फार्मेसी समूह, ११औँ तह, प्रमुख औषधि व्यवस्थापक पदमा भरत भट्टराईलाई बढुवा नियुक्ति गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने र नेपाल चेम्बर अफ कमर्सको (सातौं संशोधन) विधान, २०७७ स्वीकृत गर्ने निर्णय गरेको छ ।

साथै नेपाली सेनाका प्रमुख सेनानी सरोजकुमार अधिकारी समेत तीन प्रमुख सेनानीको बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ । साथै महासेनानी दिपेशजंग शाहसमेत १२ महासेनानीको सरूवा गरिएको छ । नेपाली सेनाका प्राविधिक प्रमुख सेनानी सुमित्रा मुलेपतीलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरिएको अर्थ एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडाले जानकारी दिए ।

नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्रांकित प्रथम श्रेणीको सहसचिव वा सो सरहको सहन्यायाधिवक्ता पदमा ज्ञानप्रसाद भुसाललाई नियुक्त गरी उच्च सरकारी वकिलको कार्यालय धनकुटामा पदस्थापन गरिएको छ । कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबाट करिब ११ अर्ब ६५ करोडबराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्न अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ ।

# एक...

नौ अर्ब ५० करोड रहेकोमा २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७६ असार मसान्तमा नौ खर्ब दुई अर्ब ४४ करोड रहेकोमा २०७७ असार मसान्तमा १२ खर्ब २६ अर्ब १२ करोड पुगेको छ । यस अवधिमा नेपाल राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०७६ असार मसान्तमा एक खर्ब ३६ अर्ब ४७ करोड रहेकोमा २०७७ असार मसान्तमा एक खर्ब ७५ अर्ब ७१ करोड पुगेको छ । २०७७ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव आठ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७६/०७७ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४ महिना चार दिनको वस्तु आयात र १२ महिना सात दिनको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा वर्षमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ३७ दशमलव दुई प्रतिशत, एक सय पाँच दशमलव आठ प्रतिशत र ३३ दशमलव एक प्रतिशत रहेका छन् । २०७६ असार मसान्तमा यी अनुपातहरू क्रमशः ३० प्रतिशत, ६४ दशमलव नौ प्रतिशत र २९ प्रतिशत रहेका थिए ।

# वैदेशिक सम्पत्ति...

स्थिति दुई खर्ब ७१ अर्ब ९६ करोड रूपैयाँ रहेको छ । २०७६ असारमा यस्तो रकम एक खर्ब ८८ अर्ब ८६ करोड रहेको थियो । यसैगरी अन्तर्राष्ट्रिय बजारमा २०७६ असार मसान्तमा प्रतिब्यारेल अमेरिकी डलर ६५.८७ रहेको कच्चा पेट्रोलियमको मूल्य २०७७ असार मसान्तमा ३३ दशमलव तीन प्रतिशतले घटी प्रतिब्यारेल अमेरिकी डलर ४३.९६ कायम रहेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७६ असार मसान्तमा प्रतिऔंस सुनको मूल्य अमेरिकी डलर १४०९.८५ रहेकोमा २०७७ असार मसान्तमा २८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८०४.६० पुगेको छ ।

राष्ट्र बैंकका अनुसार २०७६ असार मसान्तको तुलनामा २०७७ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ नौ दशमलव १५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्ष नेपाली रूपैयाँ शून्य दशमलव शून्य दुई प्रतिशतले अवमूल्यन भएको थियो । २०७७ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर एक सय २० रूपैयाँ ३७ पुगेको छ । २०७६ असार मसान्तमा उक्त विनिमय दर एक सय नौ रूपैयाँ ३६ पैसा रहेको राष्ट्र बैंकले जानकारी दिएको छ ।

# वैदेशिक...

छौँ । अनलाइन सेवा सञ्चालन भएसँगै सेवाग्राही काठमाडौं आउनु नपर्ने र बिचौलिया समेत पस्नसक्ने अवस्था हुँदैन ।'

योसँगै समस्यामा परेका सेवाग्राहीले स्थानीय तहलाई बैंकिङ प्रणाली (खाता नम्बर) को बारेमा जानकारी दिई आफ्नो सेवा लिन सक्नेछन् भने स्थानीय तहले बोर्डसँग समन्वय गर्नेछ ।

उक्त व्यवस्थासँगै वैदेशिक रोजगारीका क्रममा अलपत्र, मृत्यु वा बिरामीलगायतका समस्यामा परेमा व्यक्तिहरूले आफ्नै टोल वा घरबाट समेत समस्याबारे बोर्ड समक्ष जानकारी दिनसक्ने भएका छन् । बोर्डका अनुसार अनलाइन प्रणाली भनेपछि इन्टरनेटको आवश्यक पर्ने देखिन्छ । त्यसैले समस्या परेका सदस्यले इन्टरनेटको सुविधा उपलब्ध भएको स्थान अर्थात् घर, टोल, सदरमुकाम, बजारलगायतका क्षेत्रबाट आफ्नो समस्या बोर्डसमक्ष जानकारी गराउन सक्नेछन् ।

वैदेशिक रोजगारी ऐन, २०६४ अनुरूप वैदेशिक रोजगारीको सिलसिलामा अलपत्र परेमा, मृत्यु वा बिरामीलगायतका समस्या देखिएको खण्डमा बोर्डले कल्याणकारी सेवा प्रदान गर्ने व्यवस्था छ । बोर्डले प्रदान गर्ने कल्याणकारी सेवाअन्तर्गत मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, अंगभंगलाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, शव व्यवस्थापन र उद्धारसम्बन्धी कार्य छन् ।

त्यसैगरी कोभिड १९ का कारण गन्तव्य मुलुकमा अलपत्र परेका नेपाली कामदारहरूलाई स्वदेश फिर्ती एवम् उद्धारका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारीको क्रममा कोभिडलगायतका समस्याबाट प्रभावित भई फर्किएका नेपाली कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषको आर्थिक क्षमताबमोजिम प्राथमिकताका आधारमा सामाजिक, आर्थिक पुनः एकीकरण कार्यक्रम सञ्चालनमा ल्याउने भएको छ ।

निर्देशक श्रेष्ठले चालू आवको लागि सञ्चालन गर्ने भनिएको उद्धारको कार्यक्रम हाल पनि सञ्चालनमा रहेको बताए । 'हामीले विदेशमा अलपत्र परेका युवाहरूलाई स्वदेशल्याई क्वारेन्टाइनमा राख्ने, घरसम्म पुऱ्याउने व्यवस्था गरेका छौँ', उनले भने । कोभिड संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)सँग समन्वय गरी यी कामहरू गरिरहेका उनको भनाइ छ ।

वैदेशिक रोजागरीमा दक्ष तथा सीपयुक्त कामदार मात्र पठाउने नीति क्रमशः कार्यान्वयनमा ल्याइने बोर्डको तयारी छ । त्यसका लागि श्रम गन्तव्य मुलुकको मागको आधारमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका कामदारले विदेशमा सिकेका सीपको अभिलेख राख्ने, सीप परीक्षण गराउने र आवश्यकताअनुसार थप सीपमूलक तालिम प्रदान गरी स्वदेशमा नै रोजगारी तथा रोजगार सिर्जना गर्ने वातावरण मिलाउने । नेपाली कामदारको उद्धार, हित एवं सामाजिक सुरक्षाको प्रवर्द्धनका लागि नेपाली नियोगमार्फत सम्बन्धित रोजगार मुलुकको सम्बद्ध निकायसँग समन्वय गरिनेछ । पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई नतिजामुखी हुने गरी क्रमशः सिकाइ परीक्षणमार्फत गुणस्तरीयरूपमा कार्यान्वयनमा ल्याइनेछ ।

वैदेशिक रोजगारसम्बन्धी नीति एवम् कार्ययोजनाका आधारमा वैदेशिक रोजगार बोर्डको पाँच वर्षे रणनीतिक योजना तर्जुमा तथा बोर्डको कार्य सञ्चालन निर्देशक परिमार्जन/संशोधन गरी कार्यान्वयनमा ल्याइने बोर्डको तयारी छ भने सुरक्षित व्यवस्थित र मर्यादित रोजगारीका प्रवर्द्धनका लागि सचेतनामूलक सूचना तथा सामग्रीहरू उत्पादन तथा प्रसारण गर्ने समेत नीति रहेको छ ।

नीति तथा कार्यक्रममार्फत कल्याणकारी सेवा मात्र नभई अन्य सेवालाई समेत प्रविधिमैत्री बनाउने तयारी बोर्डले गरेको छ । बोर्डको नियमित काम, आर्थिक सहायता प्रदान, अभिमुखीकरण तालिम, नियोगहरूसँगको समन्वयात्मक कार्यहरू समेत प्रविधिमैत्री गर्दै आएको तथा गर्ने उद्देश्य राखेको छ ।

त्यसैगरी बोर्डले ५ वर्षे रणनीतिक योजना तर्जुमा र कार्य सञ्चालन निर्देशिका पुनरवलोकन/परिमार्जन गरी कार्यान्वयनमा ल्याउने तथा रोजगार प्रवर्द्धनका लागि सचेतना अभिवृद्धि गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने समेत उद्देश्य लिएको छ ।

यस्तै बोर्डले नीति तथा कार्यक्रममा आर्थिक सहायता, चेतनामूलक कार्यक्रम सञ्चालन, सहुलियतापूर्ण कर्जालगायतलाई समेत निरन्तरता दिने उल्लेख गरेको छ । वैदेशिक रोजगारीबाट फर्केका कामदारहरूको सीप परीक्षणबापतको शुल्क शोधभर्ना, फर्किएका हकमा निःशुल्क सीपमूलक तालिम, उद्यमशीलता तालिम, मनोसामाजिक परामर्श सेवा, अभिमुखीकरण तालिम, राष्ट्रिय आप्रवासन स्रोत केन्द्र सञ्चालन, श्रम कल सेन्टर व्यवस्थापन तथा सञ्चालन केन्द्रलगायतका कार्यक्रम समेत सञ्चालन गर्ने उद्देश्य बोर्डले राखेको छ ।

यसरी विभिन्न कार्यक्रम सञ्चालन तथा आफ्नो नियमित प्रशासनिकलगायत खर्चका लागि चालू आवको लागि बोर्डले एक अर्ब ९० करोड ७९ लाख रूपैयाँ प्राप्त गरेको छ । जसमध्ये बोर्डले विभिन्न कार्यक्रमका लागि कुल प्रस्तावित खर्च एक अर्ब ८६ करोड रूपैयाँ, पुँजीगत खर्च ३० लाख, व्यवस्थापकीय तथा कार्यालय सञ्चालन खर्च दुई करोड १४ लाख रूपैयाँ लाग्ने बताएको छ ।


## ग्लोबल आइएमई बैंक लि.
राष्कोट शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **राईकोसा दमाई**को मिति २०७७/०३/१४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बुहारी सारा दर्जीले यस बैंक शाखा कार्यालयमा मिति २०७७/०४/२० मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, राष्कोटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ग्लोबल आइएमई बैंक लि.
नौगाड शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **गौर सिंह ठगुन्ना**को मिति २०७७/०४/१४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती मानमती देवी ठगुन्नाले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०५/०३ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, नौगाडमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ग्लोबल आइएमई बैंक लि.
राष्कोट शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **कालु सार्कि**को मिति २०७७/०१/२० मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती राते सार्किले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०४/२७ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, राष्कोटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ग्लोबल आइएमई बैंक लि.
डडेलधुरा शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **गोरे दमाई**को मिति २०७७/०३/२७ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती गंगा देवी दमाईले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०४/२८ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, डडेलधुरामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनी गाभिएको (मर्जनर) सम्बन्धी सूचना

यस लोयल विल्डर्स प्रा.लि. (प्रा.लि.नं. १३६१७७) र विण्डोटेक विल्डर्स पोखरा प्रा.लि. (प्रा.लि.नं. १४७०२५) को मिति २०७७/३/२७ गते सम्पन्न संयुक्त साधारणसभाद्वारा कम्पनी गाभिने गाभ्ने निर्णय भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७७/५/२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १७७ वमोजिम कम्पनी गाभ्ने स्वीकृति दिए अनुसार विण्डोटेक विल्डर्स पोखरा प्रा.लि. लाई लोयल विल्डर्स प्रा.लि. मा गाभ्ने स्वीकृति प्रदान गरिनुका साथै गाभिने कम्पनीको ऋण, धन, दायित्व गाभ्ने कम्पनी लोयल विल्डर्स प्रा.लि.ले सकार्ने व्यहोर्ने गरी विण्डोटेक विल्डर्स पोखरा प्रा.लि. नामको कम्पनी लोयल विल्डर्स प्रा.लि. मा गाभिएको जानकारी गराईन्छ ।

**सरोजचन्द्र कार्की**
**अध्यक्ष**
**लोयल विल्डर्स प्रा.लि., पोखरा**

## ग्लोबल आइएमई बैंक लि.
डडेलधुरा शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **दलपति भट्ट**को मिति २०७७/०२/२८ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती मनुरी देवी भट्टले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०४/२० मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, डडेलधुरामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
**Department of Roads**
Planning & Monitoring Branch
**Planning, Monitoring & Evaluation Unit (PMEU)**
Patandhoka, Lalitpur
Notice No. 02-PMEU/077/78
**Date: 2077/05/12**

**EXTENSION OF TIME FOR RFP SUBMISSION**

Considering the ongoing prohibitory order from 2077-05-04 to 2077-05-17 to contain COVID-19 outbreak in the Kathmandu valley, it is notified to all concerned shortlisted consulting firms/JV for **Detailed Engineering Survey, Detailed Design and Preparation of Report (DPR) of Roads Section/s** under contract number **PMEU/33701123/076/77/DPR:39-40** that the deadline for the submission of RFP as per notice no. 01-PMEU/077/78, published in Aarthik National Daily on 2077-04-20, has been extended up to working hours of **25th of Bhadra, 2077**. Opening of thus submitted RFP document will be **on 26th of Bhadra, 2077, 13:00** at DoR, PMEU. Moreover, upon the further extension of prohibitory order after 2077-05-17 on the Kathmandu valley, concerned shortlisted consulting firm/JV are requested to visit _https://dor.gov.np/home/notices_ for further information.

**Unit Chief, PMEU**

# परिष्कृत सुरक्षा विशेषतासहित सुपर स्प्लेन्डर बजारमा

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११




मोटरसाइकल तथा स्कुटरको निर्माता हिरो मोटोकर्पले रोमाञ्चक र सुरक्षित श्रेणीका उत्पादनप्रतिको आफ्नो प्रतिबद्धता दोहो¥याउँदै अत्यधिक लोकप्रिय सुपर स्प्लेन्डरको नयाँ अद्यावधिक संस्करण बजारमा ल्याएको छ ।

कम्पनीका अनुसार सुपर स्प्लेन्डर अब अझ सुरक्षित र एकीकृत ब्रेक प्रणाली (आईबीएस)सहित थप सुरक्षित भएको छ । आईबीएस एक परिष्कृत सुरक्षा विशेषता हो जसले पछाडिको ब्रेक लगाउँदा अगाडि र पछाडिको ब्रेकका बीचमा ब्रेक लाग्ने कार्यको वितरणलाई सक्षम तुल्याउँछ । यसले सवारी चालकका लागि सबै परिस्थितिहरूमा अतिरिक्त सुरक्षा सुनिश्चित तुल्याउँछ । सुपर स्प्लेन्डर अब (आईबीएस)सहित देशभरिका हिरो मोटरसाइकलको आधिकारिक शोरूममा एक लाख ९८ हजार (सेल्फ ड्रम एलोय ह्विल) उपलब्ध हुनेछ । सुपर स्प्लेन्डर भारतको जयपुरस्थित हिरो मोटोकर्पको अत्याधुनिक अनुसन्धान तथा विकास केन्द्र (आरएन्डडी केन्द्र) इनोभेसन एन्ड टेक्नोलोजी केन्द्रमा डिजाइन र विकसित गरिएको हो । यो बजार प्रवेशसँगै साथ हिरो मोटोकर्पले आफ्ना ग्राहकहरूलाई प्रिमियम, उच्च–गुणस्तर र सुरक्षित उत्पादनहरु प्रदान गर्ने कुरामा आफ्नो ध्यान केन्द्रित गरेको छ ।

कम्पनीका अनुसार सुपर स्प्लेन्डर विश्वास, विश्वसनीयता र इन्धन दक्षताका अलावा आफ्नो प्रदर्शन र टिकाउपनका सबै बक्समा चिह्नित भएर सबै ब्रान्डमा भिन्न बनेको छ । यो मोटरसाइकल एउटा एयर कुल्ड, फोर–स्ट्रोक एकल सिलिन्डर, १२४.७ सीसी इन्जिनको साथ आउँछ, जसले ७०० आरपीएममा ६.७२ केडब्लू (९.० बीएचपी)को अधिकतम पावर आउटपुट उत्पादन गर्छ भने ४००० आरपीएममा १०.३५ एनएमको अधिकतम टर्क उत्पादन गर्दछ । यसैगरी सुपर स्प्लेन्डर ९० किमिप्रति घण्टाको अधिकतम गतिसम्म पुग्ने कम्पनीले जनाएको छ । यो पनि उपयोगिता र सुविधाहरूको शृंखलासँग प्याक गरिएको छ । यसमा साइड स्ट्यान्ड इन्डिकेटर, १८ इन्च चौडा एलोय ह्विल्स, आरामदायी सीट प्रोफाइल, ठूलो क्षमताको इन्धन ट्यांकी (१३ लिटर) र अगाडि ट्यांकीमुनि अतिरिक्त भण्डारणका लागि युटिलिटी बक्स रहेका छन् ।

सुपर स्प्लेन्डर आधुनिक ग्राफिक्सको साथ पाँच प्रिमियम मेटालिक रंगहरूमा उपलब्ध रहेको कम्पनीको भनाइ छ । ब्लयाक विथ गे, क्यान्डी ब्लेजिङ रेड, ब्लयाक विथ रेड स्ट्राइप्स, ब्लयाक विथ भ्वाइलेट स्ट्राइप्स र एबोनी ग्रे रंगमा उपलब्ध छ ।



**सडक कालोपत्र गरिँदै** : राष्ट्रिय गौरवको आयोजनामध्येको एक मध्यपहाडी पुष्पलाल लोकमार्गको पोखरा–बागलुङअन्तर्गत बागलुङ नगरपालिका–१ रामरेखामा सडक कालोपत्र गर्दै श्रमिक । रामरेखाको सहिद पार्क अगाडि साँघुरो सडक विस्तार भएपछि कालोपत्रे गरिएको हो । *तस्बिर : रासस*

# पहिरो पीडितलाई स्कुल अफ डेमोक्रेसीको खाद्यान्न सहयोग

■ सुबास बस्नेत
दोलखा, भदौ ११

भीमेश्वर नगरपालिकाभित्रका पहिरोपीडितलाई स्कुल अफ डेमोक्रेसी जिल्ला शाखा दोलखाले खाद्यान्न सामग्री वितरण गरेको छ ।

जिल्लाको भीमेश्वर नगरपालिका वडा नम्बर सातका पहिरोपीडित ३२ घरपरिवारलाई बिहीबार संस्थाले खाद्य सामग्री वितरण गरेको हो । स्कुल अफ डेमोक्रेसी दोलखाका अध्यक्ष प्रभुराम श्रेष्ठको आर्थिक सहयोग तथा उपाध्यक्ष भीम खड्काको संयोजकत्वमा पहिरो प्रभावित ३२ घरपरिवारलाई ३२ बोरा चामल, ६४ प्याकेट नुन, ६४ किलो दाल वितरण गरिएको हो । गत साता गएको पहिरोले भीमेश्वर नगरपालिका वडा सातमा ४ घरपरिवार पहिरोले विस्थापित बनेका छन् । त्यस्तै २८ घरपरिवार भने पहिरोले सामान्य प्रभावित बनेका छन् । राहत वितरण गर्दै नागरिक समाज दोलखाका अध्यक्ष दीपशंकर चौलागाईंले आगामी दिनमा पनि यस क्षेत्रका पहिरो पीडितलाई राहत दिलाउन पहल गर्ने बताए । त्यसै संस्थाका उपाध्यक्ष भीम खड्काले जिल्लाका अन्य क्षेत्रका पहिरो पीडितलाई पनि राहत वितरण गर्ने बताए । स्कुल अफ डेमोक्रेसी दोलखाले उक्त क्षेत्रमा ८० हजार रूपैयाँबराबरको राहत वितरण गरेको हो ।




# वायुसेवा कम्पनीले सरकारी मान्यताको पीसीआर रिपोर्ट देखाउनुपर्ने




■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पीसीआर परीक्षण गर्न तोकेका स्वास्थ्य प्रतिष्ठान र अस्पतालबाट गरिएको परीक्षणलाई मात्रै मान्यता दिने भएको छ ।

मन्त्रालयले बिहीबार नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पत्राचार गर्दै अन्तर्राष्ट्रिय वायुसेवा संस्थाले आफूखुसी यात्रुलाई एउटै मात्र कोभिड–१९ पीसीआर परीक्षण गर्ने केन्द्र, अस्पताल प्रतिष्ठानबाट गराउने र त्यसलाई मात्र मान्यता दिने गरेको उजुरी मन्त्रालयलाई प्राप्त भएको भन्दै यदि त्यस्तो पाइएमा कानुनी कारबाही गर्ने चेतावनी दिएको छ । कुनै पनि वायुसेवा कम्पनीले यस विपरीत कार्य गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबै वायुसेवाहरूलाई जानकारी गर्न/गराउन मन्त्रालयको निर्णयअनुरूप प्राधिकरणलाई लिखित निर्देशन दिइएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । वायुसेवा कम्पनीले सरकारले तोकेको कुनै पनि सरकारी स्वास्थ्य प्रतिष्ठान र अस्पताल, निजी स्वास्थ्य प्रतिष्ठान, अस्पताल र स्वास्थ्य संस्थाहरूबाट गरिएको परीक्षणको मान्यता दिने गरी वायुसेवाहरूलाई निर्देशन गर्न प्राधिकरणलाई अनुरोध गरिएको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले भदौ १६ देखि निश्चित शर्तसहित नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम पर्यटन मन्त्रालयले नेपाली तथा विदेशी एयरलाइन्सको एक महिनाको उडानतालिका पनि सार्वजनिक गरिसकेको छ । विदेशबाट दैनिक पाँच सय यात्रु नबढ्ने गरी यात्रु नेपाल ल्याउन अनुमति दिइएको छ । यसरी आउने यात्रुले पीसीआर रिपोर्ट अनिवार्य देखाउनुपर्नेछ । पीसीआर नगरेकाले उनीहरूकै होटल क्वारेन्टाइनमा बस्ने व्यवस्था गरिएको छ ।

# बेलायतद्वारा कोभिड–१९ विरुद्ध लड्न नेपाललाई ४५.८ मिलियन पाउण्ड स्टर्लिङ्ग सहयोग

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११



संयुक्त अधिराज्य बेलायतले नेपाललाई कोभिड–१९ विरूद्ध लड्न ४५.८ मिलियन पाउण्ड स्टर्लिङ्गको सहयोग गर्ने भएको छ । बेलायतका विदेश तथा कमनवेल्थ अफिसका राज्यमन्त्री लर्ड अहमदले कोभिड–१९ ले सिर्जना गरेको कठिन अवस्थालाई सम्बोधन उक्त रकमको सहयोग प्याकेजको घोषणा गरेका हुन् । अर्थमन्त्री डा. युवराज खतिवडा र संयुक्त अधिराज्य बेलायतका विदेश तथा कमनवेल्थ अफिसका राज्यमन्त्री लर्ड अहमदबीच बिहीबार द्विपक्षीय सहयोग र हितका विषयमा भिडियो कन्फ्रेन्समार्फत छलफल भएको थियो । उक्त छलफलमा बेलायतले सहयोग प्याकेज दिने घोषणा गरेको हो ।

उक्त छलफलमा नेपालको आर्थिक सुधार, लगानीको वातावरण, वैदेशिक लगानीको सीमा, जलवायु परिवर्तनको असर न्यूनीकरण, सगरमाथा सम्वाद र हरित विकासजस्ता विषयमा नेपालसित थप सहयोग बढाउन र सहकार्य गर्न बेलायत सरकार इच्छुक रहेको बेलायती मन्त्री लर्ड अहमदले बताए । छलफलमा अर्थमन्त्रीले नेपाल र बेलायतबीच दुई सय वर्षदेखि घनिष्ठ सम्बन्ध रहेको स्मरण गराउँदै नेपालको आर्थिक विकास, स्वास्थ्य, शिक्षा, भूकम्पपछिको पुनर्निर्माण, वित्तीय पहुँच, सडक पूर्वाधार र लगानीजस्ता क्षेत्रमा बेलायत सरकारबाट प्राप्त सहयोगका लागि धन्यवाद दिए । अर्थमन्त्रीले बेलायत सरकारले कोभिड–१९ पछिको कठिन समयमा स्वास्थ्य क्षेत्र, सामाजिक सुरक्षा तथा पूर्वाधार क्षेत्रमा ठूलो सहयोग गर्ने गरी प्रस्ताव गरेकोमा खुसी व्यक्त गरे । अर्थमन्त्रीले छलफलमा नेपालका विकास प्राथमिकता, आर्थिक स्थिति र लगानीमैत्री वातावरणका लागि भएका प्रयासबारे जानकारी गराएका थिए । उनले प्रत्यक्ष वैदेशिक लगानीको थ्रेसहोल्ड संशोधन गर्ने सम्बन्धमा छलफल अगाडि बढेको, बेलायतसँग दोहोरो करमुक्ति सम्झौताको प्रक्रिया अघि बढेको, लगानी आकर्षित गर्ने गरी सार्वजनिक निजी साझेदारी तथा लगानी बोर्ड ऐनलगायतका कानुनहरू निर्माण गरिएको बताए । अर्थमन्त्रीले बेलायतका लगानीकर्तालाई अघिल्लो वर्ष लगानी सम्मेलनका सिलसिलामा बेलायत भ्रमण गरेको र त्यसको फलस्वरूप बेलायती लगानीकर्ताहरू उत्सुक भएको स्मरण गर्दै यसमा सहजीकरण गर्न बेलायत सरकारलाई अनुरोध समेत गरे ।

अर्थमन्त्री खतिवडाले वित्तीय पहुँच र वित्तीय समावेशितासम्बन्धी नीति तर्जुमा र कार्यान्वयनमा बेलायत सरकारको महत्वपूर्ण भूमिका रहेको बताए । कार्बन उत्सर्जनमा नेपालको नगन्य अंश भए पनि जलवायु परिवर्तनबाट नेपाल उच्च जोखिममा रहेको उनले बताए । उनले हरित प्रविधि, वन क्षेत्रको विस्तार, नवीकरणीय ऊर्जा र जैविक विविधता संरक्षणमा नेपालले जोड दिएको बताउँदै विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका हिमाली क्षेत्रको संरक्षण गरी जलवायु परिवर्तनको असरबाट सुरक्षित राख्न विश्व समुदायले अग्रसरता लिनुपर्ने बताए । यस सन्दर्भमा बेलायतमा हुने कोप २६ को बैठकमा नेपालले सक्रिय सहभागिता जनाउने र आफ्ना अनुभवहरू समेत सुनाउने जानकारी गराए ।

# हलेसीमा हिन्दू र किराँत संस्कारमा आधारित होमस्टे

खोटाङ, भदौ ११ । हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको सङ्गमस्थल खोटाङको हलेसीमा तीनवटा होमस्टे (घरबास) सञ्चालन गर्ने तयारी गरिएको छ । नेपाल सरकारद्वारा गठित हलेसी विकास समितिको पहलमा स्वदेश तथा विदेशबाट हलेसी घुम्न आउने पर्यटकलाई लक्षित गर्दै हलेसी तुवाचुङ नगरपालिका–७ महादेवस्थानमा तीनवटा होमस्टे सञ्चालन गर्ने तयारी गरिएको हो ।

महादेविस्थानस्थित तल्लो माल्खुमा किराँत र माथिल्लो माल्खुमा हिन्दु तथा ऐँसेलुखर्कमा किराँत संस्कारमा आधारित होमस्टे सञ्चालन गर्ने तयारी गरिएको हलेसी विकास समितिका अध्यक्ष एवम् सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का आमन्त्रित स्थायी समिति सदस्य टंक राईले बताए । 'तीनवटै ठाउँमा छुट्टाछुट्टै समिति गठन गरेर होमस्टे सञ्चालनसम्बन्धी तालिम दिनुका साथै आवश्यक पूर्वाधार निर्माणको कामलाई तीव्रता दिइएको छ', पूर्वसांसदसमेत रहेका समितिका अध्यक्ष राईले भने, 'होमस्टे व्यवसायले स्थानीय उत्पादनको प्रवर्द्धनका साथै स्थानीय बासिन्दालाई आत्मनिर्भरको बाटोमा डो¥याउने अपेक्षा गरिएको छ ।'



माथिल्लो माल्खुमा यसअघि नै व्यावसायिकरूपमा गाई, स्थानीय जातका कुखुरा, टर्की, परेवालगायत पशुपन्छी पालन तथा तरकारी खेती गर्दै आएका सुवीन्द्र गिरीको अध्यक्षतामा समिति गठन गरेर आवश्यक संरचना निर्माणको काम भइरहेको छ । त्रिधार्मिकस्थल हलेसीबाट ककनी मन्दिर जाने बाटोमा पर्ने २२ घर क्षेत्री/बाहुन समुदायको बस्ती रहेको माथिल्लो माल्खुमा हिन्दू संस्कारअनुसार बालन, संगिनी, चुट्कालगायत नाच सिक्ने/सिकाउने अभ्याससमेत भइरहेको अध्यक्ष राईले बताए ।

नगरपालिका र वडा कार्यालयसँग पनि सहकार्य गरेर सञ्चालन गर्ने गरी सुरू गरिएको माथिल्लो माल्खुको होमस्टेको नाम 'हलेसी सामुदायिक होमस्टे माल्खु' राखिएको छ । महादेवस्थानकै तल्लो माल्खुका १४ र ऐँसेलुखर्कका ४२ घर किराँत समुदाय समेटेर होमस्टे सञ्चालक समिति गठन गरिएको हलेसी विकास समितिका कार्यकारी निर्देशक सम्मरबहादुर भुजेलले जानकारी दिए ।

ऐँसेलुखर्कमा कोपिला राई तथा तल्लो माल्खुमा एवीन्द्र राईको अध्यक्षतामा होमस्टे सञ्चालक समिति गठन गरिएको छ । हलेसी विकास समितिको पहलमा होमस्टे सञ्चालन हुने भएपछि उक्त कार्यप्रति स्थानीय बासिन्दासमेत हौसिएका छन् । दर्शनार्थी एवम् पर्यटकको दैनिक भीड लाग्ने हलेसीमा हालसम्म होमस्टेको विकास हुनसकेको थिएन । हिन्दू तथा किराँत संस्कारमा आधारित होमस्टेमा हलेसी बजारस्थित होटल तथा लजमा बस्ने पाहुनालाई समेत सांस्कृतिक कार्यक्रम हेर्न टिकट लिएर प्रवेश गर्न दिने व्यवस्था गरिने जनाइएको छ । किराँत संस्कारमा आधारित होमस्टेमा साकेला नाच हेर्ने तथा नाच्ने र लोकदोहोरी गाउने व्यवस्था मिलाइने सञ्चालक समितिले जनाएको छ । किराँत समुदायको बाहुल्य रहेको हलेसीमा विभिन्न जातजातिका समुदाय आउने भएकाले पनि हिन्दू र किराँत संस्कारमा आधारित छुट्टाछुट्टै होमस्टे सञ्चालन गर्ने तयारी गरिएको हो ।

हलेसी आउने पर्यटक तथा दर्शनार्थीका लागि घुमफिर गर्ने ठाउँ नभएकाले पनि होमस्टेको अवधारणा लिइएको विकास समितिका अध्यक्ष राईले बताए । 'हलेसीमा अहिलेसम्म बाहिरबाट आउने पर्यटकका लागि मनोरञ्जन गर्ने ठाउँ छैन', उनले भने, 'अहिले अधिकांश मानिस खुला रूपमा मनोरञ्जन गर्न चाहन्छन् । मनोरञ्जन गर्न चाहने व्यक्ति तथा पर्यटकका लागि केही हलेसी क्षेत्रमै अडिने व्यवस्था मिलाउन होमस्टे सञ्चालन गर्ने तयारी गरिएको हो ।'

हलेसीमा नेपालका सबै जिल्लाका साथै अन्य देशहरू भारत, चीन, भुटान, बंगलादेश, जापान, अमेरिका, थाइल्याण्डलगायत भक्तजन एवम् दर्शनार्थी आउने गरेका छन् । धार्मिक रूपले मात्र नभई प्राकृतिक रूपमै विश्व प्रसिद्ध हलेसीमा चैत महिनामा रामनवमी मेला १५ दिन, मंसिरमा बालाचतुर्दशी मेला १२ दिन, फागुनमा शिवरात्रि मेला सात दिन र भदौमा तीज मेला तीन दिन लाग्ने गरेको छ । हलेसी तुवाचुङ नगरपालिका–७ महादेवीस्थानमा पर्ने त्रिधार्मिकस्थल हलेसीमा ठूलो चट्टानको बीच भागमा रहेको गुफाभित्र विराजमान शिवलिङ्ग र पार्वतीको मन्दिर छ । हलेसीलाई त्रिधार्मिकस्थलका रूपमा विकास गर्न सरकारले वि.सं. २०५३ देखि हलेसी विकास समितिमार्फत विकास योजना अघि बढाएको हो ।

# भायनेटको नयाँ जडान ४८ घण्टामा

vianet
अब सबै connected

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

भायनेटले ग्राहकले अनुरोध गरे ४८ घण्टाभित्रै इन्टरनेट जडान गरिदिने भएको छ । कम्पनीका अनुसार अब नयाँ ग्राहकहरूले आफ्नो घर वा अफिसमा भायनेट जडान गर्न चाहे ४८ घण्टाभित्रै उनीहरूको घरमा भायनेटको इन्टरनेट चल्न थाल्नेछ ।

आफ्ना ग्राहकहरूलाई सेवाहरू र अफरहरू प्रदान गर्ने कुरामा भायानेट सधैं अगाडि रहेको कम्पनीले दाबी समेत गरेको छ । यसै क्रममा ग्राहकले अनुरोध गरेको ४८ घण्टाभित्र इन्टरनेट जडान गर्ने सुविधा थप गरेर भायनेटले सेवा प्रदान गर्ने प्रक्रियामा उल्लेखनीय कदम चालेको दाबी गरेको छ । देशको विभिन्न भागमा लकडाउन भइरहेको यो महामारीको बेलामा पनि भायानेट आफ्नो ग्राहकलाई सेवा प्रदान गर्न प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ । यो नयाँ सेवाको साथ भायानेटले आफ्ना ग्राहकहरूको लागि घरबाटै काम गर्न वा पढ्नको लागि छिटो, छरितो र उत्कृष्ट सेवा प्रदान गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ ।

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# संक्रमितको उपचार र आफन्तको भूमिका

कोरोना महामारीको यो अवस्थासम्म आइपुग्दा सरकार अरूको अनुकरण मात्रै गरिरहेको छ कि आफ्नो परम्परा तथा परिवेशअनुकूलको व्यवस्थापन पनि गरिरहेको छ भन्ने प्रश्न खडा भएको छ । मान्छेको मृत्यु भइसकेकपछिको मृत्यु संस्कारदेखि अस्पतालमा उचार हुँदाको जानकारी र होम क्वारेन्टाइनमा उसले पाउनुपर्ने उपचारका अवस्था आदि यसभित्र पर्छन् । यस विषयमा आम नागरिकका मनमा प्रश्नै प्रश्नले घेरिएको अवस्था छ । यसैकारण होला अब त अदालतले पनि यस्तो सबै कुरा गोप्य राख्ने व्यवस्थाका विरूद्ध आदेशै दिनुपर्ने अवस्था आयो । हालै विराटनगर उच्च अदालतले कोरोनाबाट मृत्यु हुनेका आफन्तले चाहेमा दाहसंस्कारमा भाग लिन दिनू भनी आदेशै जारी गऱ्यो । कोरोनाको पुष्टि भएर उपचारका क्रममा वा मरिसकेपछि पनि रिपोर्ट कोरोना पोजेटिभ देखिएको अवस्थामा त्यस्ता मृतकहरूका आफन्तले अन्तिम संस्कारमा भाग लिन पाएका थिएनन् । तिनको अन्तिम संस्कार कसरी गरियो भन्ने पत्तो पनि हुँदैन थियो ।

यसै हप्ता मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश प्रेमराज कार्कीको संयुक्त इजलासले दाहसंस्कारमा भाग लिन पाउने परिवार र आफन्तको अधिकार हो भन्ने परिभाषा गरेको हो । 'उपचारको क्रममा कोरोना संक्रमितको मृत्यु भएमा दाहसंस्कारमा आफन्त नातेदारहरु उपस्थित हुने अधिकार रहने हुँदा मृतकका आफन्तले चाहेमा सुरक्षा मापदण्डको अधीनमा रही उपस्थित हुने व्यवस्था गर्नू ।' भनी विराटनगरको उच्च अदालतले आदेश जारी गऱ्यो ।

एक स्थानीय महिलाले आफ्नो बाबुको मृत्यु अस्पतालमा भएको, कोरोना देखिएको भनिएको तर सोअनुसार उपचार भए/नभएको आफूलाई कुनै जानकारी नदिएको तथा यो मृत्यु पनि उपचारमा लापरबाहीबाट भएको तथा अन्तिम संस्कारमा समेत भाग लिन नदिएको भनी अदालत गुहारेकी थिइन् । त्यही मुद्दामाका आधारमा अदालतले उक्त आदेश जारी गरेको हो । आफ्नो संस्कारको पालना गरिपाऊँ भनी अदालत जाने उनी एक प्रतिनिधि पात्र हुन् र यो फैसला पनि त्यस्तै हो । आजसम्म संक्रमण पुष्टि भएर जे–जति मान्छे मरेका छन्, अपवादबाहेक तिनका आफन्तले त्यस्तो संस्कारको भेउ समेत पाएका छैनन् । गुनासो भने सधैँ रहँदै आएको छ ।

संक्रमितको उपचार कस्तो भयो भन्ने त झनै गोप्य नै रहँदै आएको छ । यसले संक्रमण भएका व्यक्तिको मानसिक धरातल समेत खस्काएको आरोप छ । अस्पतालमा संक्रमितले आफन्तसँग कुनै सम्पर्क नै गर्न पाएनन् भने, आफन्तले पनि उपचार कसरी भइरहेको छ त्यसको पनि जानकारी पाएनन् भने यसले डरलाग्दो मनोविज्ञान खडा गर्ने अवस्था आउन सक्तछ । त्यसैकारण होला अदालतले आदेश दिँदै भन्यो, 'अस्पताल भर्ना भएदेखि मृत्यु हुँदासम्म को–को चिकित्सकले वा स्वास्थ्यकर्मीले कति समयको अन्तरालमा के–कस्तो उपचार सेवा दिए, त्यसको विरवरण पठाउनू ।' त्यस्तै आइसोलेसन र आईसीयूका संक्रमितलाई परिवारसँग भेट्ने प्रबन्ध मिलाउन पनि व्यवस्था गर्नू भनी यो उच्च अदालतले आदेश दिएको छ ।

यो आदेश देशभरि लागू हुनुपर्छ ।

## आजको राशिफल



२०७७ भदौ १२ गते शुक्रबार

आचार्य श्री स्वामी ध्रुव

**मेष** : हतार गर्नु हुँदैन ।

**वृष** : शिक्षामा प्रगति ।

**मिथुन** : मिष्टान्न भोजन ।

**कर्कट** : सुमधुर सम्बन्ध ।

**सिंह** : विदेश यात्रा ।

**कन्या** : सफलता प्राप्ति ।

**तुला** : खर्च हुनेछ ।

**वृश्चिक** : कार्यमा प्रगति ।

**धनु** : वाणी संयम ।

**मकर** : कार्यमा सावधानी ।

**कुम्भ** : नयाँ सम्पर्क ।

**मीन** : राजनैतिक लाभ ।

*वैज्ञानिक ज्योतिष सल्लाहको लागि सम्पर्क गर्नुहोला । ९८४१५९२५५२*

# कोरोना कथा र दुई तिहाइ सरकारको आन्तरिक झगडा



लक्ष्मण सिटौला

*चौधौं दिन नपुग्दै खानै नपाएर मरिने भैयो भन्दै आइसोलेसनबाट भाग्यो सानुमान सुनुवार । नाम मात्रैको आइसोलेसनबाट झन् बढी खतरा मोल्नुपर्ने देखेर ऊ भाग्यो । जो–जो नेताका आसेपासे छन् तिनलाई अर्कै व्यवस्थापन छ । आइसोलेसनमा समेत यो विभेदले ऊ दिक्क भयो । मानिस सधैं किन आफ्ना र आर्कामा यो विभेद देखाउँछ । यो भन्दा पशुतुल्य जिन्दगी त हिजो बन्दुक बोक्ता पनि भोगेकै हो र आजसम्म पनि यो भेदभावपूर्ण व्यवहार उस्तै रहेछ । खोइ कहाँ आयो परिवर्तन ? यति विभेद त जंगली जनावरबीचमा पनि हुँदैन । सानुमान फेरि गाउँ जाने विचारमा घित्लियो । सारा बाटो र यातायात बन्द थियो । एउटा शव बाहन चालकसँग उसको आइसोलेसनमा परिचय भएको थियो । दश हजारमा उसले गाउँ छोडेर आइदिने कबुल गऱ्यो । भोलिपल्ट बिहानै ऊ लासजस्तै बन्यो । कात्रोमा बेरियो । शान्त भएर सुत्नु भन्यो चालकले थानकोट चौकी आएपछि । ऊ त्यस्तै बन्यो । गाडीले एकाबिहानै थानकोट काट्यो । विधाताले बनाएको यो नियमलाई कसले उल्लंघन गर्न सक्थ्यो र । आखिर गाडी बाटोमा दुर्घटनामा पऱ्यो । त्रिसुलीमा खस्यो । शव बनेर गएको सानुमान फेरि फर्केर घर गएन ।*

एउटा दुर्गम गाउँ जहाँ माओवादका सैन्य लडाकुहरु जन्मिएका थिए । त्यही स्थान हो जहाँका जनता नेपालमा एउटा अर्कै उथलपुथल र परिवर्तनका लागि शिरमा कात्रो, हातमा बन्दुक र खुट्टामा उज्यालो बाटोको खोजीमा निस्किएका थिए । दश वर्ष युद्धको धुवाँले ढाक्यो नेपाली आकाश । हजारौं निर्दोष नेपाली मारिए । हजारौं विधवा बने । हजारौं आमाहरु छोराछोरीविहीन भए । हजारौं नाबालकहरु आमाबाबुविहीन बने । अन्ततः युद्धविराम भयो । सामन्ती सरकार ढल्यो । दुई सय पचास वर्षको राजतन्त्र गर्ल्यामगुर्लुम्म ढल्यो । जनतान्त्रिक सरकार बन्यो । गणतन्त्र स्थापना भयो । त्यति मात्र होइन नेपालमा संघीयता पनि आयो । नेपाली जनताले रोजेको खोजेको शासन प्रणाली आयो भने सबैले । अब कोही नेपाली भोग रोग र अशिक्षाको अँध्यारोमा बस्न पर्दैन भन्ने कुरामा जनता ढुक्क भएका थिए । हिजोको युद्धमा कमान्ड सम्हालेका तर बन्दुक कहिले नबोकेका व्यक्तिहरु मात्रै प्रधानमन्त्री र मन्त्री बने । सर्वसाधारण जनताको छोरा जो युद्धमा होमिएको थियो र अपाङ्ग बन्यो महान परिवर्तनका लागि । तर ऊ खुसी हुन सकेन । उसको जिन्दगी फेरिएन । परिवर्तनले जनजिन्दगी फेरिएन भने त्यो के परिवर्तन हो र ? ल्याएको परिवर्तन केवल ढाडे बिरालाको लागि मात्रै थियो भने त्यत्रो नेपाली किन सहिद बन्नु थियो र ? दुःख उस्तै रह्यो । अभाव उस्तै रह्यो । अशिक्षा र गरिबी उस्तै रह्यो । केही मुठीभर नेता र तिनैका सन्तान दरसन्तानलाई सत्तामा पुऱ्याउन गरिएको युद्ध बेकार भयो । सबै सबै आफन्तलाई नै मन्त्री बनाउनेमा व्यस्त भए ।

युद्धमा होमिएको सानुमान सुनुवारको जिन्दगीमा केही परिवर्तन आएन । युद्धमा बाचियो भने एउटा नोकरी सम्म त मिल्ला भनेको आखिर नेपाल आर्मीमा पनि ऊ समाहित हुन सकेन । उसको लागि बोल्दिने कोहि भएन । उसको सपना तुहियो । कति साथीहरु नेपाल आर्मीमा समाहित भए । ऊ भएन । उसको भाग्यमा लेखेकै रहेनछ । हिजो युद्धमा मारिएको भए कमसेकम सहिद त हुन पाइन्थ्यो । परिवारले अलिकति भने पनि पैसा पाउथे । थुक्क मेरो भाग्य । मृत्युले नपत्याएको मान्छे म । यस्तै यस्तै सोच्दै आर्मीमा गएका साथीहरूलाई बिदाइ गरेर एक दिन ऊ सदरमुकाम बाट गाउँ फर्कियो । निदारमा एउटा कलङ्कको टीका त लागेकै थियो ।

सँगै छिमेकीको छोरा आर्मीमा गो तँचैँ लायक भैनछस् है … बाबुको बचनले कोखा हान्यो । के म त्यस्तो नालायक नै थिए त ?

भुपु माओवादी भएँ म । किन बन्दुक बोक्नु परेको मैले । मैले आफ्नै गाउँका काका पर्ने जगतमान गुरूङको कन्चठमा हाने । ताकीताकी मारे । उनको दोष खास के थियो मैले बुझेको पनि थिइनँ त्यतिबेला । चन्दा माग्दा नदेको झोकमा दुस्मन भन्दै कतिलाई मारियो मारियो सानुमानलाई निन्द्रा आएन । भोलिपल्टै ऊ फेरि सदरमुकाम गयो । उसले एउटा म्यानपावर कम्पनीमा आफ्नो पासपोर्ट र फोटो बुझायो । जम्मा डेढ लाख तिर्नुपर्छ भन्यो म्यानपावरले । पैसा त थिएन उसँग । बाउलाई रोइकराइ गऱ्यो । एउटा खेत थियो । बन्दगी राख्यो । बिहे भैसकेको थियो । एउटा सानी छोरी पनि भैसकेकी थिई । ऊ युद्धमा होमिन जाँदा श्रीमती दोजिया भएकी थिई । चार वर्ष त ऊ जंगलमै हरायो । युद्धविराम भएर घरमा पुग्दा जूनजस्ती छोरीलाई काखमा लिएर ऊ बेस्सरी रोयो । केही थिएन साथमा । बन्दुकले खाएको दुईटा डुँढो औंलाबाहेक । ऊ देखेर श्रीमती बेस्सरी रोएकी थिई ।

एक महिनापछि भिसा आयो । सानुमान अरब गयो महिनाको पन्ध्र हजार कमाउन । उसले सोच्यो उसको लागि नेपाल रहेनछ । नेपाल त केवल नेता, जाली फटाहा, भ्रष्टाचारी, चाकरी चम्चागिरी, नेताका आशिर्वाद पाउनेहरूका लागि मात्रै रहेछ भन्दै एयर अरेबियाको जाहाज चढ्यो । भन्याङ उक्लिनुअघि पर बसेकी सानी छोरीलाई हात हल्लाउँदै जाहाज भित्र छिऱ्यो । धेरै धेरै दुख गऱ्यो पचास डिग्रीको तातो मरूभूमिमा । १७ वर्ष काम गऱ्यो । छोरीलाई हुर्कायो । खेत निखन्यो । ऊ उतै हुँदा उसका बाबु बिते । नेपाल आउन छुट्टी मिलेन । बाउको लागि उतैबाट उसले काजकिरियामा सहयोग पुऱ्यायो । क्रिया खर्च उतारृयो । छोरीलाई कलेज पढाउन थाल्यो । आमा श्रीमती र एक छोरीको जिन्दगी अब सहजरूपमा बग्न थाल्यो । एकदिन उसले एउटा खबर सुन्यो कि चाइनाको बुहान भन्ने स्थानमा एउटा अर्कै खालको रोग फैलिएको । र सहर नै सिल गरेको । उसले सोचेन त्यो रोग ऊ बसेको सहर रियाद सम्म कहिले आउला भनेर । युरोपेली मुलुकहरु त्यही रोगका कारण ध्वस्त हुन थाले । अमेरिका त्राहीत्राही हुन थाल्यो । उसले सोच्यो त्यो रोग नेपालमा आउदैन भनेर । चाइना बाट रियाद सम्म त्यो रोग उडेर आइपुग्न एक महिना पनि लागेन । उसकी श्रीमतीले घरबाट फोन गरी 'कुन्नी केजाती कोरोना भन्ने रोग आको छ रे टिकट काटेर झट्टै नेपाल आउनू ।' नभन्दै रियादमा पनि केही संक्रमण देखियो । ऊ काम गरेको फ्याक्ट्री बन्द भयो । उसलाई अफिसले बिदा दियो । अन्तर्राष्ट्रिय उडान बन्द हुनु केही दिनपहिले ऊ एयर अरेबियाबाट नेपाल उत्रीयो । भोलिपल्टै ऊ घर गयो । गाउँमा परिवारहरु आत्तिरहेका थिए । घर पुगेपछि आमा र श्रीमती ढुक्क भए । छोरी खुसी भई । तर खोइ किन किन ऊ भने ढुक्क हुन सकेको थिएन । बाटोमा आउँदाआउँदै उसले न्यूज पढ्न पुग्यो । एयर अरेबियाको फ्लाइटबाट यो मितिमा नेपाल आएका एक जना नेपालीलाई कोरोना पुष्टि भएकोले उक्त उडान र मितिमा नेपाल फर्किएका सबै यात्रुहरूले सम्बन्धित फोनमा सम्पर्क गर्न अनुरोध… । उसले उक्त मोबाइलमा फोन गऱ्यो । फेरि ऊ काठमाडौँ फर्किन पर्नेभो । ऊ होशियार थियो । श्रीमती र बच्चा अनि आमाबाट अलग बस्यो ।

फर्किनुअघि नै रियादमा उसलाई कोरोना बारेमा धेरै कुराको ज्ञान सिकाइएको थियो । ऊ फेरि चौधौँ दिनको आइसोलेसनमा गयो । आइसोलेसनको सबै भद्रगोल र व्यथिति देखेर ऊ अवाक भयो । सात दिनपछि उसको कोरोना रिपोर्ट पोजेटिभ आयो । तर ऊ आत्तिएन । धैर्यता राख्यो । नेपालमा कोरोना डढेलो लागेजस्तै फैलिन थाल्यो हेर्दाहेर्दै । सरकारले तोकेको कोरोना अस्पतालमा बेड छैन । निजी अस्पतालहरु कोरोना रोगीहरूको उपचार नगर्नी भन्छन् । सरकारसँग निश्चित योजना पनि छैन । भिजन पनि छैन । कोरोना औजार र औषधि खरिदमा समेत भ्रष्टाचार भएको भनी मुद्दा उठेका छन् । आजसम्म सरकारले एउटा पनि भेन्टिलेटर नयाँ किनेको छैन । जहिले पनि अनुदान र भीखमा चल्न मन पराउने सरकारको काम गर्ने शैली विचित्रको छ । देशमा यत्रो कोरोनाको महामारी फैलिएको छ सरकार भने आफ्नो पार्टीको आन्तरिक कलहमा अलमलिएको छ ।

चौधौं दिन नपुग्दै खानै नपाएर मरिने भैयो भन्दै आइसोलेसनबाट भाग्यो सानुमान सुनुवार । नाम मात्रैको आइसोलेसनबाट झन् बढी खतरा मोल्नुपर्ने देखेर ऊ भाग्यो । जो–जो नेताका आसेपासे छन् तिनलाई अर्कै व्यवस्थापन छ । आइसोलेसनमा समेत यो विभेदले ऊ दिक्क भयो । मानिस सधैँ किन आफ्ना र आर्कामा यो विभेद देखाउँछ । यो भन्दा पशुतुल्य जिन्दगी त हिजो बन्दुक बोक्ता पनि भोगेकै हो र आजसम्म पनि यो भेदभावपूर्ण व्यवहार उस्तै रहेछ । खोइ कहाँ आयो परिवर्तन ? यति विभेद त जंगली जनावरबीचमा पनि हुँदैन । सानुमान फेरि गाउँ जाने विचारमा घित्लियो । सारा बाटो र यातायात बन्द थियो । एउटा शव बाहन चालकसँग उसको आइसोलेसनमा परिचय भएको थियो । दश हजारमा उसले गाउँ छोडेर आइदिने कबुल गऱ्यो । भोलिपल्ट बिहानै ऊ लासजस्तै बन्यो । कात्रोमा बेरियो । शान्त भएर सुत्नु भन्यो चालकले थानकोट चौकी आएपछि । ऊ त्यस्तै बन्यो । गाडीले एकाबिहानै थानकोट काट्यो । विधाताले बनाएको यो नियमलाई कसले उल्लंघन गर्न सक्थ्यो र । आखिर गाडी बाटोमा दुर्घटनामा पऱ्यो । त्रिसुलीमा खस्यो । शव बनेर गएको सानुमान फेरि फर्केर घर गएन ।

यस्तो छ हामी नेपालीको कथा । कथा त सकियो । तर नब्बे प्रतिशतभन्दा नेपालीको कन्तविजोकको कथाले हृदयमा हिर्काउँछ । हामी जन्मेदेखि मृत्युपर्यन्त विभेद र विभाजनमा नराम्ररी फसिरहेका छौँ । खोइ कहिले होला नेपाल बन्ने ? कहिले होला नेपाली जनताको दैनिकीमा परिवर्तन आउने ? कहिले सकिएला यो विभेदकारी नियमन नेताका कुख्यात चरीत्रमा परिवर्तन आउने ? हिजो परिवर्तनका लागि लडेका महान क्रान्तिकारीहरु आज सत्ताको मादमा मग्न छन् । जनताको आँसुलाई पिसाबजत्तिको नि नसम्झिने यस्ता महान परिवर्तनकारीहरूले सम्हालेको देशमा सानुमान सुनारहरु यसैगरी जीवनको इहलीला समाप्त पार्न विवश छन् । लासमाथि पनि यहाँ राजनीति हुन्छ । नेपालीले चाहेको परिवर्तन के यही हो त ? के यही र यस्तै थियो त ? अरू बेलाजस्तो होइन अहिले । यतिबेला त सरकारको पूर्ण ध्यान कोरोना व्याधिबाट नेपाली जनतालाई मुक्ति दिनुपर्नेमा लाग्नुपर्थ्यो तर सत्ता लम्ब्याउने र पार्टीको आन्तरिक कलह सुल्झाउनुमा नै व्यस्त छ सरकार । सरकारले यदि यस्तै रवैया देखाइरह्यो भने उसले नेपाली जनताबाट पाइरहेको दुई तिहाइ समर्थ आउने चुनावमा अवश्य फिर्ता लिनेछन् ।

# प्राकृतिक प्रकोपले आर्थिक विकासमा न्यूनता



प्रदीप उप्रेती

*नेपाललगायत विश्वमा घट्ने गरेको प्राकृतिक विनाश एवं महामारीको रौदरूपलाई नजिक नियाल्ने हो भने केही हदसम्म मिल्न गएको पाइन्छ । प्रस्तुत तथ्यलाई मनन गर्दै अध्ययन गर्दा यसप्रकारका मानवीय एवं भौतिक क्षतिलाई प्राकृतिक प्रकोपले निम्त्याएको संयोग मात्र मान्ने, अथवा अन्धविश्वाशको भुमरीका कारण उत्पन्न भएको भ्रमको द्विविधायुक्त अवस्था हो भन्ने तथ्यलाई खुट्याउनु पर्ने हुन्छ । भ्रम भनौं भने नेपालको आर्थिक विकासलगायतका सम्पूर्ण क्रियाकलापलाई प्रत्यक्ष असर पारेको वर्तमान अवस्था हो ।*

मुलुकको वर्गक्षेत्रफलको आधारमा हाल कायम रहन आएको जनसंख्याको वृद्धिदरलाई भयाभय मान्नुपर्ने हुन्छ । तथापि विश्वको जनसंख्या वृद्धिको अनुपातलाई तुलनात्मक रूपमा अध्ययन गर्दा शून्य दशमलव ३७ प्रतिशत प्रतिशतको नेपालको वार्षिक जनसंख्या वृद्धिलाई त्यति अधिक भने मान्न सकिँदैन । एक्काइसौँ शताब्दीको आधुनिक चिकित्सा विज्ञानको क्षेत्रमा आएको अभूतपूर्व सफलता एवं सकारात्मक परिणामजनक प्रगतिस्वरूप नेपालीहरूको औषत आयुमा वृद्धि भई क्रमशः मृत्युका दरमा कमी आएको तथ्यांकले औँल्याएको छ ।

किनकि बढ्दो जनसंख्याको खाद्य संकट समाधान गर्न सम्बद्ध क्षेत्रको उत्पादनलाई विशेष हेक्का राख्दै कार्य गर्नुपर्ने हुन्छ । जसले यस क्षेत्रमा आत्मनिर्भताको मार्गलाई सार्थक बनाउन सहयोगीको भूमिका निर्वाह गर्नेछ । जुन निश्चितरूपमा भूमिको पर्याप्तता वा अपर्याप्तामा आधारित रहने कुरा हो । तर प्रकृति प्रदत्त भूमि सीमित रहनुको साथै एकल परिवारको अवधारणाको विकासले भू–स्वामित्वको क्षेत्रमा खण्डीकरणको अत्यधिकताले परम्परागत कृषिजन्य कार्य ह्रासउन्मुख गतिमा अगाडि बढेको वर्तमान अवस्था हो । केही दशकअघिसम्म खाद्य उत्पादनको क्षेत्रमा आत्मनिर्भर रहने मुलुक नेपाल हाल प्रमुख खाद्यान्न बाली धानसमेत आयात गर्नुपर्ने लजास्पद वातावरण तयार भएको छ ।

केही हदसम्म कृषिजन्य आधुनिक प्रविधिको विकासले उर्वराशक्तिमा वृद्धि गरी घनात्मक परिणाम हासिल गरे पनि दिनहुँ बढ्दै गएको जनसंख्याको खाद्यचापलाई पूरा गर्ने अवस्था अब भने रहेन । जसले गर्दा खाद्यान्नको क्षेत्रमा समेत आयातजन्य अवस्था प्रारम्भ हुनको साथै चरम भोकमरीको स्थितिले भयाभह रूप धारण गर्न सक्ने देखिन्छ ।

अतः प्रस्तुत समस्या समाधानार्थ कृषिमा यान्त्रिक एवं व्यावसायिक खेतीको उपादयतासहितको कार्ययोजना आजको आवश्यकता हो भन्दा फरक नपर्ला । कृषिको महत्वसहितको व्यावहारिक पक्षलाई व्यवहारमा उतार्ने प्रण हो भने, सकारात्मक नतिजाको अपेक्षा हासिल गर्न कुनै प्रकारको कठिनाइ उत्पन्न हुनेछैन । यद्यपि यो नै समस्या समाधानको अचुक अस्त्र भने पक्कै पनि होइन । सामान्यतया तेस्रो पुस्तासम्ममा आइपुग्दा भूमिको स्वामित्व ग्रहण गर्ने क्षमता लगभग शून्यप्राय अवस्थामा रहन्छ भन्ने भनाइ रहँदै आएको छ । यसै तथ्यलाई मनन गर्दै दीर्घकालीन अवस्थाको स्थायी समाधानको मार्गचित्र पहिचान गर्नु अत्यन्त जरूरी भइसकेको छ ।

अतः बढ्दो जनसंख्या र आर्थिक विकासको अभावमा निम्तिएको बृहत् राष्ट्रियस्तरको समस्या समाधान केवल प्राकृतिक प्रकोपबाट उत्पन्न हुने त्रासोन्मुख वातावरणमा निर्भर रहने कुरा पक्कै पनि होइन, भन्ने तर्क समेत यदाकदा उत्पन्न नभएको पनि होइन । यसै सन्दर्भमा भन्दा नेपाललगायत विश्वमा भएका प्राकृतिक प्रकोप तथा रोगजन्य संक्रमणका पीडाहरु कहीँ यसै तथ्यको परिदृष्य त होइन ? भन्ने यक्ष प्रश्न समेत खडा भएको पाइन्छ । प्राकृतिक प्रकोपका ऐतिहासिक तथ्यलाई केलाएर हेर्दा त्यहाँ भएका मानवीय तथा भौतिक क्षतिलाई कुनै पनि हालतमा कम आँकलन गर्न मिल्दैन ।

सम्भावित मानवीय तथा भौतिक क्षतिलाई बढ्दो जनसंख्या, आर्थिक विकास तथा खाद्यान्न संकटका बीचमा हुने गरेको असन्तुलित व्यवहारलाई समानान्तर गर्नका खातिर उत्पन्न भएको प्राकृतिक वितण्डाको अनेकन रूपमध्येको एक रूप त, होइन भन्ने अड्कलबाजी समेत हुँदै आएको छ ।

यद्यपि नेपाललगायत विश्वमा घट्ने गरेको प्राकृतिक विनाश एवं महामारीको रौदरूपलाई नजिक नियाल्ने हो भने केही हदसम्म मिल्न गएको पाइन्छ । प्रस्तुत तथ्यलाई मनन गर्दै अध्ययन गर्दा यसप्रकारका मानवीय एवं भौतिक क्षतिलाई प्राकृतिक प्रकोपले निम्त्याएको संयोग मात्र मान्ने, अथवा अन्धविश्वाशको भुमरीका कारण उत्पन्न भएको भ्रमको द्विविधायुक्त अवस्था हो भन्ने तथ्यलाई खुट्याउनु पर्ने हुन्छ । भ्रम भनौँ भने नेपालको आर्थिक विकासलगायतका सम्पूर्ण क्रियाकलापलाई प्रत्यक्ष असर पारेको वर्तमान अवस्था हो ।

त्यसो भएको हुदाँ यसप्रकारका प्राकृतिक/संक्रमणजन्य गतिविधिलाई केवल भ्रमको खेती मात्र मान्न सकिने अवस्था अब रहेन । समय–समयमा उत्पन्न हुने दुःखद परिणाम स्वरूप मुलुकको आर्थिक विकासको गतिमा प्रत्यक्ष प्रभाव पर्न गई समस्या सिर्जना हुने गरेको देखिन्छ ।

आर्थिक एवं सामाजिक क्षेत्र लगायतका अनेकन क्षेत्रमा पर्न जाने यसप्रकारका नकारात्मक ऊर्जालाई सन्तुलन गर्न नेपाललगायत सम्पूर्ण दक्षिण एसिया क्षेत्रमा जति मात्रामा आर्थिक विकासको प्रतिफल प्राप्त हुनुपर्ने थियो त्यसमा हामी पूर्णरूपले सक्षम हुन सकेनौँ । परिणातः व्याप्त खाद्यान्न संकट, चरम आर्थिक मन्दी तथा उच्चदरको बेरोजगारीलगायतका तीव्र जनसंख्या वृद्धिको विकराल समस्यालाई नचाहँदानचाहँदै पनि आत्मसात गर्न बाध्य हुनु पऱ्यो ।

जसलाई हाम्रो रहर नभई बाध्यताको प्रतिकात्मक रूप मान्न सकिन्छ । यसका बाबजुद पनि सिर्जित समस्या समाधानका लागि उत्तम विकल्पसहितको कार्ययोजनालाई व्यवहारमा उतार्न सके विषमभन्दा विषम परिस्थितिमा पनि केही राहतको महसुस गर्न सकिने अवस्था प्रारम्भ हुने देखिन्छ । प्रस्तुत जनसंख्या वृद्धिको कारण उत्पन्न खाद्य समस्यालगायतका यस क्षेत्रमा आबद्ध रहन आउने अन्य समस्या समाधानका लागि प्रसिद्ध अर्थशास्त्री थोमस रबर्ट माल्थसको जनसंख्यासम्बन्धी सिद्धान्त वर्तमान परिवेशमा कति सान्दर्भिक रहन्छ, भन्ने तथ्यलाई गहिरिएर हेर्नुपर्ने हुन्छ ।

प्राप्त असमान व्यवहारको उग्रतालाई न्यूनीकरण गर्दै समानता प्राप्तिको लागि बेलाबखत विश्वमा पर्नजाने प्राकृतिक विपत्ति वा संक्रमणजन्य रोगको प्रकोपले उत्पन्न हुने असाधारण परिस्थितिलाई काबुबाहिर जान नदिई नियन्त्रणको प्रयास गर्नेछ । उक्त तथ्यको सकारात्मक नतिजा हासिल गर्न अनेकन उपायलाई अवलम्बन गर्न सुल्झाइएको छ ।

जसअनुसार ढिलो विवाह, ब्रम्ह्चार्यको पालनाका साथै परिवार नियोजनसम्बन्धी अनेकन विधिलाई अपनाउँदा मुलुकको भौगोलिक क्षेत्रफलको अनुपातमा कति जनसंख्या उपयुक्त रहन्छ भन्ने तथ्यलाई आधार मानी व्यक्तिगतरूपमा मानिसहरूले आफ्नो व्यवहार, आचरणलाई समयानुकूल परिवर्तन गर्नुपर्ने हुन्छ । तदुपरान्त खाद्यान्नको वृद्धिले बढ्दो जनसंख्याको खाद्य चापलाई सहजै आपूर्ति गरी समस्या समाधानको मार्गमा राहत व्यवस्थापनको अनुभूति दिलाउनेछ । तथापि माल्थसको जनसख्या सिद्धान्त आजको परिस्थितिमा कतिको उपयोगी रहेको छ भन्ने तथ्यको अध्ययनपश्चात् मात्र निष्कर्ष निकाल्नु समय सान्दर्भिक रहन्छ भन्न सकिने अवस्था प्रारम्भ हुनेछ ।

pradipupreti78@gmail.com

# क्यानाडा विद्यालय पुनः खोल्ने तयारीमा ट्रुडोद्वारा सहयोग कोष घोषणा

■ एजेन्सी
ओटावा, भदौ ११

क्यानेडाली प्रधानमन्त्री जस्टिन ट्रूडोले महामारीका कारण बन्द भएका विद्यालयहरु खोल्न सहयोग पुऱ्याउन झण्डै एक खर्ब ५२ अर्ब अमेरिकी डलर बराबरको नयाँ कोषको घोषणा गरेका छन् । उक्त रकम आवश्यकताअनुसार प्रान्त र क्षेत्रीय सरकारलाई विद्यालयलाई सुरक्षितरुपमा पुनः सञ्चालनमा ल्याउनका लागि उपलब्ध गराउने क्यानडाको प्रधानमन्त्रीको कार्यालयले बिहीबार जानकारी गराएको छ ।

महामारीका कारण बन्द अवस्थामा रहेका विद्यालयहरु खोल्न दुई हप्ताभन्दा कम समय बाँकी रहेका बेला प्रधानमन्त्री ट्रुडोले उक्त कोषको घोषणा गर्नुभएको हो । क्यानडाका कतिपय प्रान्त तथा स्थानीय निकायले



कोभिड–१९ संक्रमितको संख्या बढिरहेको विवरणहरु सार्वजनिक गरिरहेका समयमा विद्यालय पुनः सञ्चालनको लागि स्वास्थ्य सुरक्षा सहयोग कोष स्थापना भएको हो ।

एक महिना पहिले नै अर्थतन्त्र र स्वास्थ्य सेवा प्रणालीका लागि भन्दै प्रान्त र क्षेत्रहरूलाई १९ अर्ब क्यानाडेली डलर सहयोग घोषणाको व्यवस्था गर्ने आश्वासन दिएका थिए । पछिल्लो कोष प्रान्त र क्षेत्रहरूलाई स्थानीय विद्यालयमा जाँदा विद्यार्थी र कर्मचारीहरूलाई कोभिड–१९ को महामारीबाट सुरक्षित राख्न अपनाउनुपर्ने उपायहरुको व्यवस्था गर्न गरिएको हो । जस अन्तर्गत विद्यालयहरुमा सिकाइका लागि अतिरिक्त स्थान, स्वच्छ हावा, हात सफा गर्ने साबुन तथा सफाइका अन्य सामान र व्यक्तिगत सुरक्षाका सामानहरु मास्क, स्यानिटाइजरलगायतको व्यवस्था गरिनेछ ।

'बालबालिकालाई सुरक्षित रुपमा विद्यालय फर्काउनु अर्थव्यवस्थालाई पुनः सुरू गर्न महत्वपूर्ण छ । यसले अभिभावकलाई आफ्ना बच्चाहरुको स्वास्थ्यको बारेमा कुनै चिन्ता नगरी विद्यालय फर्किन सघाउने विश्वास मैले लिएको छु', प्रधानमन्त्री ट्रुडोले भने, 'हाम्रा बच्चाहरु कक्षाकोठामा सुरक्षित हुनुपर्दछ । यो वेवास्ताा गर्न नहुने विषय हो ।'

ट्रूडो सरकारले आदिवासी समुदाय रहेका विद्यालयहरुमा ११ करोड क्यानडेली डलर लगानी गर्ने यस पहिले नै घोषणा गरेका छन् । क्यानडामा गत मार्चको मध्यदेखि विद्यालय र व्यवसाय बन्द भएपछि विद्यार्थीहरुले घरबाटै अनलाइन कक्षाहरु लिँदै आएका छन् ।

# बेलायतको कार उत्पादनमा २०.८ प्रतिशतको गिरावट

■ एजेन्सी
लन्डन, भदौ ११



बेलायतको कार उत्पादनमा २०.८ प्रतिशतले गिरावट आएको छ । जुलाईमा कार उत्पादनमा उल्लेख्य गिरावट आएको हो । विश्वव्यापी मागमा सुस्तता आएको र कारखानाहरूले समेत कम उत्पादन गरिरहेको सोसाइटी अफ मोटर म्यानुफ्याक्चरर्स एन्ड ट्रेडर्स (एसएमएमटी)ले बिहीबार जनाएको छ ।

तथ्यांकअनुसार उक्त दरले कार उत्पादन घटेको छ । जुलाईमा ८५ हजार ६ सय ९६ युनिट मात्रै उत्पादन भएको हो । आन्तरिक र बाह्य दुवै बजारमा कारको माग समेत घटेको बताइएको छ । कोरोना महामारीका कारण रोकिए पनि अहिले विस्तारै प्रतिबन्धहरू हट्नथाल्दा कार उत्पादन बढ्नथालेको एसएमएमटीले वक्तव्यमा जनाएको छ । हालसम्म वार्षिक हिसाबले यो वर्ष ३९.७ प्रतिशतले कार उत्पादन घटेको छ । यद्यपि अहिले विस्तारै उत्पादन बढ्नथालेको छ । खासगरी कुनै पनि सम्झौताविनाको ब्रेक्जिटलाई लिएर बेलायतमा निराशा बढिरहेको छ भने कोरोना कहरले उद्योगहरूमा व्यापक असर गरेको छ ।

यात्रा प्रतिबन्धको असर :

# कीर्तिमानी घाटामा रोल्स रोयस

■ एजेन्सी
अमेरिका, भदौ ११

जेट इन्जिन निर्माता इन्जिनियरिङ कम्पनी रोल्स रोयसले कोरोना भाइरसले पिरोलेको वर्ष कीर्तिमानी घाटा व्यहोरेको जनाएको छ । कम्पनीले यो वर्षको आधा समयावधिमा करअघिको घाटा ५ अर्ब ४० करोड पाउन्ड पुगेको जनाएको हो ।

कम्पनीका प्रमुख कार्यकारी वारेन इस्टले सन् २०१९ को अन्त्यतिर कम्पनीले व्यहोरेको घाटा पूर्ति आगामी पाँच वर्षसम्म पनि नहुने बताए । बुधबार कम्पनीले नटिंघम शायर र लंकाशायरमा कारखाना बन्द गर्ने जनाएको थियो । उसले बेलायतमा मात्रै ३ हजार रोजगारी कटौती गर्ने योजना बनाएको छ । कम्पनीले अहिले खर्च कटौतीको प्रयास गरिरहेको छ । विश्वमा यात्रा प्रतिबन्ध लागिरहेको कारण कम्पनीले घाटा व्यहोर्नुपरेको हो । कोरोनाभाइरस संक्रमणले महामारीको रूप लिएपछि विश्वको हवाइ उद्योग नराम्ररी प्रभावित बनेको छ । रोल्स रोयसले जेट इन्जिनहरू उत्पादन गर्छ । कम्पनीले महामारीले प्रभावित भएपछि विश्वभर रहेका ११ उत्पादन क्षेत्रलाई घटाएर ६ वटामा सीमित पार्नेछ । कम्पनीका ५० हजार कर्मचारी छन् । तीमध्ये झण्डै आधा बेलायतमै छन् ।

कम्पनीका इस्टले कम्पनीका ४५ सय कर्मचारीले काम छोडिसकेको बताए । रोल्स रोयसले आफ्नो स्पेनिस युनिट आईटीपी एरो र अन्य सम्पत्तिहरू बेचेर २ अर्ब पाउन्ड उठाउन चाहिरहेको उनको भनाइ




छ । हवाइ क्षेत्रमा अनिश्चितता छाएकोले विकल्पहरू सोचेर कम्पनी सुदृढीकरण गरिने रोल्स रोयसले जनाएको छ ।

# युरोपमा बोइङ ७३७ म्याक्सको परीक्षण उडान हुने

■ एजेन्सी
लन्डन, भदौ ११

युरोपेली हवाइ नियामकहरूले बोइङको अप्ठ्यारोमा परेको ७३७ म्याक्सको परीक्षण उडान तालिका निर्धारण गरेका छन् । दुईवटा दुर्घटनामा परेपछि विश्वभर ग्राउन्डेड भएका उक्त मोडलका जहाजमा प्राविधिक त्रुटि रहेको बताइएको थियो । कम्पनीले त्यसलाई सच्याइसकेको र पुनः उडानमा फर्किने अनुमति कुरिरहँदा युरोपमा विमानको परीक्षण उडान हुने भएको हो ।




युरोपेली युनियन एभिएसन सेफ्टी एजेन्सी (ईएएसए)ले आउँदो ७ सेप्टेम्बरको हप्तामा क्यानाडाको भ्यानकुवरमा परीक्षण उडान हुने बताएको छ । बोइङको यो मोडलको जहाज धेरै बिक्री भएको थियो । दुईवटा दुर्घटनामा ३ सय ४६ जनाले ज्यान गुमाएका थिए । अमेरिकी नियामकहरूले पनि यो मोडलका जहाजको परीक्षण उडान दुई महिनाअघि नै थालेका थिए । ईएएसएले अमेरिकी नियामक निकायले अनुमति दिँदैमा युरोपमा उडान गर्न पाइहाल्ने भन्ने नहुने स्पष्ट पारेको छ ।

युरोपेली संस्थाले बोइङ र अमेरिकी फेडेरल एभिएसन एडमिनिस्ट्रेसनसँग पनि यसबारे सहकार्य गरिरहेको जनाएको छ । नियामक निकायहरूले सुरक्षामा विश्वस्त अवस्थामा मात्रै म्याक्स विमानलाई उडान अनुमति दिनसकिने बताएका छन् ।

# युट्युबले यसै वर्ष हटायो एक करोड १४ लाख भिडियो

■ एजेन्सी
वासिङ्टन, भदौ ११

भिडियो हेर्न मिल्ने माध्यमको रूपमा रहेको युट्युबले यस बर्षको दोस्रो त्रैमासिक अवधिमा एक करोड १४ लाखभन्दा बढी भिडियो हटाएको छ । कम्पनीको मापदण्ड तथा निर्देशिकाविपरीत रहेको ठहर गरिएका भिडियोहरू हटाइएको कम्पनीद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

भिडियोका बारेमा प्राप्त उजुरी र आफैँले गरेको मूल्यांकनका आधारमा ती भिडियोहरू हटाउनुपरेको कम्पनीले स्पष्ट पारेको छ । कम्पनीका अनुसार यही वर्ष सन् २०२० को अप्रिलदेखि जुनसम्मको अवधिमा ती भिडियोहरू हटाइएको हो । कम्पनीले यसअघि सन् २०१९ मा ९० लाखभन्दा कम भिडियोहरू मात्रै हटाएको थियो । अघिल्लो वर्षको तुलनामा यस बर्ष अत्यधिक धेरै भिडियोहरू हटाउनुपरेको कम्पनीको तथ्यांक छ ।

'समाज र मानवप्रतिको जिम्मेवारी हाम्रो उच्च प्राथमिकताको विषय हो, कतिपय भिडियो सामग्रीले त्यसलाई दखल पार्ने निश्कर्षका साथ हामीले हटाएका छौँ', कम्पनीद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । बाल सुरक्षा र हिंसालाई भड्काउन नदिनेतर्फ कम्पनी सचेत रहेको पनि वक्तव्यमा जनाइएको छ । लोकप्रिय समाजिक सञ्जालको रूपमा दिनप्रतिदिन उपभोक्ताहरू बढ्दै गएसँगै विकृति र दुरूपयोग पनि बढेको भन्दै आलोचना बढेपछि युट्युबले आफ्नो मापदण्ड र निर्देशिकालाई पनि कडा बनाउँदै लगेको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Federal Road Supervision & Monitoring Office, Kathmandu
**ROAD DIVISION KATHMANDU**

**Invitation for Bids No: 01-077-78**

(Date of first publication: 2077/05/12)

1. Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimate Amount without VAT | Bid Security Amount |
|---|---|---|---|
| RDKTM/337310113/077/78/001 | Recurrent maintenance of Maharajgunj Budhanilkantha | 1684161.45 | 46000.00 |
| RDKTM/337310113/077/78/002 | Recurrent maintenance of SRN/SURN roads (Sector B) | 1687640.32 | 46000.00 |
| RDKTM/337310113/077/78/003 | Recurrent maintenance of Aarubari-Atterkhel, Gothatar-Jorpati-Gokarna Road | 1704186.68 | 46000.00 |
| RDKTM/337310113/077/78/004 | Recurrent maintenance of Gaurighat-Guheshwori-Gothatar, Gaurighat Tusal Road | 1704774.30 | 46000.00 |
| RDKTM/337310113/077/78/005 | Recurrent maintenance of Mulpani-Phuyalgaun, Karkiguan-Mulpani-Bode Road | 1704587.62 | 46000.00 |
| RDKTM/337310113/077/78/006 | Recurrent maintenance of Pepsi-Mulpani Road | 1704188.40 | 46000.00 |
| RDKTM/337310113/077/78/007 | Recurrent maintenance of Kalanki Machhapokharichowk | 1703892.80 | 46000.00 |
| RDKTM/337310113/077/78/008 | Recurrent maintenance of Chovar Pharping Dakshinkali | 1700748.39 | 46000.00 |
| RDKTM/337310113/077/78/009 | Recurrent maintenance of Kalimati-Balkhu- Kirtipur | 1700169.06 | 46000.00 |
| RDKTM/337310113/077/78/010 | Recurrent maintenance of Kashibazar-Kirtipur-Machhegaun-Tinthana Road | 1698954.90 | 46000.00 |

2. Deadline for Bid Submission and Opening:

<table>
<tr><td rowspan="2">Bid Fee Rs.</td><td colspan="2" rowspan="2">Submission of Bid</td><td colspan="2" rowspan="2">Opening of Bid</td><td>Revenue a/c No.</td><td>00100106200000</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Revenue Heading No.</td><td>14229</td><td>Bank</td><td>Everest Bank Ltd</td></tr>
<tr><td></td><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td rowspan="3">1000.00</td><td rowspan="3">2077/05/28</td><td rowspan="3">12:00</td><td rowspan="3">2077/05/28</td><td rowspan="3">13:00</td><td>Deposit A/c No.</td><td>135001</td><td>Office code</td><td>337013512</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Controller Office, Singhdurbar</td></tr>
<tr><td>Bank</td><td colspan="3">Everest Bank Ltd, Singhdurbar</td></tr>
</table>

- Eligible Bidders may obtain further information at Road Division Kathmandu (Tel: 014465457, email: droktm1@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

# विश्वकै धनी बेजोसको सम्पत्ति २ खर्ब डलर पुग्यो

■ एजेन्सी
अमेरिका, भदौ ११

यसअघि नै विश्वका सर्वाधिक धनीमा गनिएका अमेरिकी अर्बपति रातारात खर्बपति भएका छन् । बेजोसको सम्पत्ति बढेर २ खर्ब अमेरिकी डलर पुगेको हो । व्यक्तिगत सम्पत्ति २ खर्ब डलर पुगेको पहिलोपटक हो ।

उनी अमेजन कम्पनीका मालिक हुन् । कम्पनीको सेयर २५ प्रतिशतभन्दा बढीले एकै महिना वृद्धि भएपछि यो वर्षमात्रै सेयर ८६ प्रतिशतले बढेको रिफाइनिटिभको तथ्यांकले जनाएको छ । बेजोसले सन् १९९४ मा अमेजन स्थापना गरेका थिए । उनी सन् २०१७ मा



विश्वकै धनी बनेका थिए । गत महिनामात्रै उनको सम्पत्ति बढेर १ सय ७२ अर्ब डलर पुगेको थियो ।

विश्व महामारी सुरू भएयता प्रविधि क्षेत्रका अर्बपतिको सम्पत्ति निरन्तर बढिरहेको छ । यही महिनाको सुरूतिर सामाजिक सञ्जाल कम्पनी फेसबुकका मार्क जुकरबर्गको सम्पत्ति १ खर्ब डलर पुगेको थियो । यसले उनलाई 'सेन्टिबिलेनियर' बनाइदिएको थियो । यसबाहेक टेस्लाका सीईओ एलन मस्कको पनि ९६ अर्ब डलर सम्पत्ति पुगिसकेको छ भने माइक्रोसफ्टका संस्थापक बिल गेट्सले पनि १ खर्ब बढी सम्पत्ति आर्जन गरिसकेका छन् । एप्पलका सीईओ टिम कुकले पनि आफ्नो सम्पत्ति बढाइरहेका छन् ।

बेजोसले ब्लु ओरिजिन नामको अन्तरिक्ष यात्रासम्बन्धी कम्पनी पनि स्वामित्व लिएका छन् । उनले उक्त कम्पनी सन् २००० मा स्थापना गरेका थिए । यसबाहेक अमेरिकाको चर्चित पत्रिका दि वासिङ्टन पोस्ट पनि उनकै स्वामित्वमा रहेको छ । सन् २०१३ मा उनले पत्रिका किनेका थिए ।

# भारतमा एकैदिन झण्डै ७६ हजार संक्रमित भेटिए

■ एजेन्सी
नयाँदिल्ली, भदौ ११

भारतमा एकैदिन अहिलेसम्मको सबैभन्दा धेरै झण्डै ७६ हजार संक्रमित भेटिएका छन् । सरकारी अधिकारीहरूले बिहीबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ७५ हजार ७६० जना संक्रमित भएका छन् । योसँगै भारतमा कुल संक्रमितको संख्या ३३ लाख १० हजार २ सय ३५ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

त्यसैगरी भारतमा कोरोनाभाइरसबाट संक्रमित भएकामध्ये अहिलेसम्म कुल ६० हजार चार सय ७२ जनाको मृत्यु भएको पनि मन्त्रालयको तथ्यांक छ । तीमध्ये एक हजार २३ जनाको पछिल्लो २४ घण्टामा



मृत्यु भएको हो ।

कुल संक्रमितमध्ये सात लाख २५ हजार नौ सय ९१ जना अझै पनि संक्रमित अवस्थामै रहेको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन् । भारतमा कोरोनाभाइरसबाट संक्रमित भएर पनि संक्रमणमुक्त भएकाहरूको संख्या २५ लाख २३ हजार सात सय ७२ पुगेको जनाइएको छ ।

# बजार परिसूचक चार अंकले ओरालो लाग्यो

## एक सय ८८ कम्पनीहरूको एक अर्ब ९८ करोडको सेयर किनबेच

आर्थिक संवाददाता
काठमाडौँ, भदौ ११

सेयर बजार परिसूचक ओरालो लागेको छ । साताको अन्तिम कारोबार दिन बिहीबार बजार परिसूचक चार अंकले ओरालो लागेर १४ सय ५८ दशमलव चार अंकमा झरेको छ । 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि एक दशमलव ६४ अंकले ओरालो लागेर दुई सय ९७ दशमलव १० अंकमा झरेको छ । यसदिन कुल एक सय ८८ कम्पनीहरूको सेयर कारोबार भएका छन् । जसअनुसार २८ हजार तीन सय ८५ वटा कारोबारमा ४९ लाख ६७ हजार चार सय तीन कित्ता सेयर खरिदबिक्री हुँदा कारोबार रकम एक अर्ब ९८ करोड १७ लाख ६१ हजार ५० रूपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा यसदिन १२ वटा समूहको कारोबार भएका छन् । जसमध्ये तीनवटा समूहको सूचक उकालो लागेका छन् भने बाँकी नौवटा समूहको सूचक ओरालो लागेका छन् । यसमध्ये वाणिज्य बैंक समूहको सूचक चार दशमलव छ अंकले ओरालो लागेर १२ सय २० दशमलव ४७ अंकमा पुगेकोमा विकास बैंक समूहको सूचक पनि २१ दशमलव ८९ अंकले ओरालो लागेर १७ सय ५८ दशमलव ६६ अंकमा पुगेको छ । जलविद्युत् समूहको सूचक पनि सात दशमलव १७ अंकले ओरालो लागेर नौ सय ६९ दशमलव ९८ अंकमा पुगेको छ भने लघुवित्त समूहको सूचक २३ दशमलव पाँच अंकले ओरालो लागेर २४ सय ७२ दशमलव ६२ अंकमा पुगेको छ । यीबाहेक ट्रेडिङ, होटल, फाइनान्स, अन्य र सामूहिक लगानी कोष समूहको सूचक पनि क्रमशः १४ दशमलव तीन, २१ दशमलव ५५, तीन दशमलव २७, शून्य दशमलव ४६ र शून्य दशमलव शून्य सात अंकले ओरालो लागेका छन् । निर्जीवन बीमा समूहको सूचक भने यसदिन १९ दशमलव ७३ अंकले उकालो लागेर सात हजार दुई सय ८३ अंकमा चढेकोमा जीवन बीमा समूहको सूचक पनि ११ दशमलव पाँच अंकले उकालो लागेर नौ हजार एक दशमलव ७४ अंकमा पुगेको छ । यसैगरी उत्पादनमूलक समूहको सूचक पनि ४१ दशमलव १६ अंकले उकालो लागेको छ ।

यसदिन बढी कमाउने कम्पनीको सूचीमा पहिलो स्थानमा परेको नेपाल इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट लिमिटेडको सेयर मूल्य नौ रूपैयाँ ८२ पैसाले बढेर तीन सय ६९ रूपैयाँमा किनबेच भएको छ । दोस्रो स्थानमा परेको दिव्येश्वरी हाइड्रोपावर कम्पनीको प्रतिकित्ता सेयर मूल्य पाँच रूपैयाँ ८४ पैसाले बढेर ५२ रूपैयाँमा कारोबार भएको छ । यीबाहेक शिवम् सिमेन्ट, बरूण हाइड्रोपावर कम्पनी आदिको सेयर मूल्य पनि बढेका छन् । गुमाउने कम्पनीको सूचीमा पहिलो स्थानमा परेको सामुदायिक लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य चार रूपैयाँ सात पैसाले घटेर आठ सय २५ रूपैयाँमा किनबेच भएको छ । दोस्रो स्थानमा परेको गुराँस लघुवित्त वित्तीय संस्थाको प्रतिकित्ता सेयर मूल्य चार रूपैयाँ चार पैसाले घटेर आठ सय सात रपैयाँमा कारोबार भएको छ । यीबाहेक बेष्ट फाइनान्स, महालक्ष्मी विकास बैंक आदिको सेयर मूल्य पनि घटेका छन् ।

यसदिन नेपाल पुनर्बीमा कम्पनीको सबैभन्दा बढी रकम कारोबार भएको छ । उक्त कम्पनीको प्रतिकित्ता सात सय आठ रूपैयाँ अन्तिम मूल्यमा २२ करोड ४६ लाख ८० हजार एक सय १० रूपैयाँको सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको नेको इन्स्योरेन्स कम्पनीको प्रतिकित्ता सात सय ७० रूपैयाँ अन्तिम मूल्यमा १२ करोड २३ लाख ७४ हजार छ सय २३ रूपैयाँको कारोबार भएको छ । यीबाहेक एनआईसी एसिया बैंक, एनएमबी बैंक आदिको पनि बढी रकम कारोबार भएका छन् ।

## सङ्क्षिप्त

### ग्लोबल आईएमई लघुवित्तद्वारा मर्जर समिति गठन

काठमाडौँ (आर्थिक) । ग्लोबल आईएमइए लघुवित्त वित्तीय संस्थाले मर्जर समिति गठन गरेको छ । संस्थाको यही भदौ १० गते बुधबार बसेको सञ्चालक समितिको एक सय १६औं बैठकले कुनै उपुक्त संस्थालाई मर्जर तथा प्राप्ति गर्नको लागि मर्जर कमिटी गठन गरेको हो ।

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय: बेसीशहर-८, लमजुङ, फोन नं. ०६६-५२११७७, ५२१२२६

संस्थाका अनुसार मर्जर समितिमा सुशोभन देवकोटा संयोजक, अनिमेश हलवाई सदस्य र हरिकृष्ण जोशी सदस्य सचिव रहेका छन् । समितिले छिटै नै मर्जर तथा प्राप्तिको लागिको पार्टनर खोजेर टुंगोमा पुऱ्याउने जनाएको छ ।

### नबिल ब्यालेन्स फण्डद्वारा लाभांश घोषणा

NABIL BALANCE FUND 1

काठमाडौँ (आर्थिक) । नबिल ब्यालेन्स फण्डले लाभांश घोषणा गरेको छ । नबिल म्युचअल फण्ड योजना व्यवस्थापक रही सञ्चालनमा रहेको नबिल ब्यालेन्स फण्ड २ नबिल इक्विटी फण्डले लाभांश वितरण गर्ने घोषणा गरेका हुन् ।

योजनाहरूको लेखापरीक्षण भएलगत्तै योजना व्यवस्थापक नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडको यही भदौ १० गते बसेको सञ्चालक समितिको बैंठकले नबिल ब्यालेन्स फण्ड २ का एकाइधनीहरूलाई करसहित १० करोड आठ लाख रूपैयाँ लाभांश वितरण गर्ने घोषणा गरेको हो । यसैगरी नबिल इक्विटी फण्डका एकाइधनीहरूलाई छ प्रतिशतका दरले सात करोड ५० लाख रूपैयाँ लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

### गुराँस लघुवित्तको नाफा घट्यो

काठमाडौँ (आर्थिक) । गुराँस लघुवित्त वित्तीय संस्थाले गत आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा ३५ लाख ८९ हजार रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ । अघिल्लो आवको सोही अवधिमा संस्थाको यस्तो नाफा एक करोड ४८ लाख ५६ हजार रूपैयाँ रहेको थियो । हाल चुक्ता पुँजी आठ करोड ३४ लाख रूपैयाँ रहेको संस्थाले गत आवको चौथो त्रैमासिक अवधिमा १४ करोड ११ लाख ४६ हजार रूपैयाँ निक्षेप संकलन गरी ७३ करोड ६९ लाख ५७ हजार रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा चार करोड ७४ लाख ७२ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थाको प्रोभिजन रकम ३९ लाख २६ हजार रूपैयाँ रहेको छ भने निष्क्रिय कर्जाको अनुपात तीन दशमलव ९४ प्रतिशत रहेको छ ।

अघिल्लो आवको सोही अवधिमा संस्थाले १० करोड ६३ लाख १५ हजार रूपैयाँ निक्षेप संकलन गरी ६८ रकोड ६७ लाख ६८ हजार रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा चार करोड छ लाख ६७ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको संस्थाको प्रोभिजन रकम २८ लाख ७३ हजार रूपैयाँ रहेको थियो भने निष्क्रिय कर्जाको अनुपात दुई दशमलव ७० प्रतिशत रहेको थियो ।

### फर्ष्ट माइक्रोफाइनान्सले १३ प्रतिशत लाभांश दिने

First Microfinance

काठमाडौँ (आर्थिक) । फर्ष्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले १३ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ । संस्थाले गत आर्थिक वर्षको खुद मुनाफामध्येबाट १३ दशमलव ६८ प्रतिशत अर्थात् १० करोड ९५ लाख ७५ हजार एक सय ३७ रूपैयाँ लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

घोषणा गरेको कुल लाभांशमध्येमा नौ दशमलव ५० प्रतिशत अर्थात् सात करोड ६० लाख ७० हजार चार सय ५४ रूपैयाँबराबरको बोनस सेयर र चार दशमलव १८ प्रतिशत अर्थात् तीन करोड ३५ लाख चार हजार छ सय ८३ रूपैयाँबराबरको नगद लाभांश रहेको संस्थाले जानकारी दिएको छ । संस्थाले २०७७ असार मसान्तसम्मको सञ्चित मुनाफामध्येबाट कायम रहेको कुल चुक्ता पुँजी ८० करोड सात लाख ४० हजार सात सय ४६ रूपैयाँमध्येबाट उक्त अनुपातमा लाभांश वितरण गर्ने घोषणा गरेको हो । लाभांश वितरण सम्वन्धमा सञ्चालक समितिको बुधबार बसेको एक सय ६८औं बैठकले गरेको निर्णय नेपाल राष्ट्र बैंकको स्वीकृति एवं संस्थाको आगामी वार्षिक साधारण सभापश्चात् कार्यान्वयनमा आउनेछ ।

## ग्लोबल आईएमई बैंकको नयाँ एक्सटेन्सन काउन्टर पर्वतको कुश्मामा

आर्थिक संवाददाता
काठमाडौँ, भदौ ११



ग्लोबल आईएमई बैंक लिमिटेडले पर्वतको कुश्मामा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकको ४२औं एक्सटेन्सन काउन्टरको उद्घाटन, कोष तथा लेखा नियन्त्रकको कार्यालय पर्वतका प्रमुख नवराज सापकोटाले गरेका हुन् ।

बैंकले सेवाग्राहीको बढ्दो चापर बिस्तारित बैंकिङ सेवाको आवश्यकतालाई मध्यनजर गर्दै पर्वत जिल्लाको कुश्मा नगरपालिका वडा नं. ५ स्थित मालपोत कार्यालय परिसरमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको हो । बैंकले मालपोत कार्यालयअन्तर्गतका सेवाग्राहीलगायत अन्य ग्राहकहरूलाई बैंकिङ सेवा प्रदान गर्ने प्रयोजनार्थ यस एक्सटेन्सन काउन्टर सुरू गरेको हो ।

बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउनेउ द्देश्यले ७१ वटा जिल्लामा फैलिएको दुई सय ५९ शाखा कार्यालय, दुई सय ३४ एटीएम, ४२ एक्सटेन्सन काउन्टर तथा राजस्व संकलन काउन्टर, दुई सय १८ शाखारहित बैंकिङ सेवा र तीन अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालयमार्फत आफ्ना २० लाखभन्दा बढी ग्राहकहरूमाझ वित्तीय सेवा उपलब्ध गराउँदै आएको छ ।

## नबिल बैंकले कमायो तीन अर्ब ५६ करोड

आर्थिक संवाददाता
काठमाडौँ, भदौ ११




नबिल बैंकले गत आर्थिक वर्षको चौंथो त्रैमासिक अवधिमा तीन अर्ब ५६ करोड ६६ लाख ७३ हजार रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ । अघिल्लो आवको सोही अवधिमा बैंकको यस्तो नाफा चार अर्ब २३ करोड ८८ लाख ५४ हजार रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी १० अर्ब नौ करोड ७४ लाख ९७ हजार रूपैयाँ रहेको बैंकले गत आवको चौथौ त्रैमासिक अवधिमा एक खर्ब ९० अर्ब ८० करोड ६४ लाख ७० हजार रूपैयाँ निक्षेप संकलन गरी एक खर्ब ४८ अर्ब २३ करोड १३ लाख ८८ हजार रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा सात अर्ब दुई करोड दुई लाख ७५ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको बैंकमा शून्य दशमलव ९७ प्रतिशत कर्जा निष्क्रिय रहेको छ । यस अवधिमा तीन दशमलव ७३ प्रतिशत स्प्रेड दर रहेको बैंकको वितरणयोग्य नाफा भने तीन अर्ब ७३ करोड ५३ लाख ३४ हजार रूपैयाँ रहेको छ ।

अघिल्लो आवको सोही अवधिमा बैंकले एक खर्ब ६२ अर्ब ९५ करोड ४० लाख रूपैयाँ निक्षेप संकलन गरी एक खर्ब २७ अर्ब ५० करोड दुई लाख ४३ हजार रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा सात अर्ब १५ करोड ९२ लाख ५४ हजार रूपैयाँ खुद ब्याज आम्दानी गरेको बैंकमा शून्य दशमलव ७४ प्रतिशत कर्जा निष्क्रिय रहेको थियो भने स्प्रेड दर चार दशमलव ४३ प्रतिशत रहेको थियो ।

## बैंक अफ काठमाडौँको नाफा एक अर्ब ४७ करोड

आर्थिक संवाददाता
काठमाडौँ, भदौ ११

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

बैंक अफ काठमाडौँ (बीओके)ले गत आर्थिक वर्षको चौथौ त्रैमासिक अवधिमा एक अर्ब ४७ करोड ५५ लाख ६९ हजार तीन सय ६१ रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ । अघिल्लो आवको सोही अवधिमा बैंकको यस्तो नाफा एक अर्ब ८९ करोड ६९ लाख ५६ हजार ३६ रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी आठ अर्ब ५४ करोड ६८ लाख ८७ हजार चार सय १५ रूपैयाँ रहेको बैंकले गत आवको चौथौ त्रैमासिक अवधिमा ९२ अर्ब १० करोड ३२ लाख ९९ हजार रूपैयाँ निक्षेप संकलन गरी ७५ अर्ब ९१ करोड ५२ लाख ५७ हजार रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा तीन अर्ब ५८ करोड २८ लाख ४४ हजार पाँच सय १८ रूपैयाँ खुद ब्याज आम्दानी गरेको बैंकमा निष्क्रिय कर्जाको अनुपात दुई दशमलव ३५ प्रतिशत रहेको छ । यस अवधिमा बैंकको वितरणयोग्य नाफा ८८ करोड सात लाख ८५ हजार छ सय ४५ रूपैयाँ छ । अघिल्लो आवको सोही अवधिमा बैंकले ८२ अर्ब ७२ करोड २० लाख ३० हजार चार सय ४३ रूपैयाँ निक्षेप संकलन गरी ७० अर्ब ४७ करोड ६८ लाख ६३ हजार रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा तीन अर्ब ७७ करोड ९८ लाख ९१ हजार नौ सय १६ रूपैयाँ खुद ब्याज आम्दानी गरेको बैंकमा निष्क्रिय कर्जाको अनुपात एक दशमलव ५४ प्रतिशत रहेको थियो ।

सुन – चाँदीको मूल्य

छापावाल सुन प्रतितोला
रू. ९७,६००/–
तेजावी सुन प्रतितोला
रू. ९७,१००/–
चाँदी प्रतितोला
रू. १,३४५/–
स्रोत : नेपाल सुनचाँदी व्यवसायी महासंघ

## सेयर कारोबार २०७७/०५/११

| कम्पनीको नाम | कारोबार संख्या | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | जम्मा सेयर | जम्मा रकम | अधिकतम अन्तिम मूल्य | फरक मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १०.५०% एस.बि.एल. डिवेन्चर २०८२ | २ | १०१७ | १०१५ | १०१७ | ५० | ५०८०० | १०१६ | १ |
| ११% एनआईसी एसिया डिवेन्चर ०८२/०८३ | १ | १०७० | १०७० | १०७० | ३५ | ३७४५० | १०७० | ० |
| आरम्भ चौतारी लघुवित्त वित्तिय संस्था लि. | १३८ | ७१९ | ७०२ | ७०९ | २७०४ | १९१५३३६ | ७१४ | -५ |
| कृषि विकास बैंक लि. | १४५ | ४३० | ४२५ | ४२५ | ३०३६० | १२९३४९८९ | ४२६ | -१ |
| अजोड इन्स्योरेन्स लि. | १०६७ | ५३५ | ५१२ | ५१५ | ३२२४४ | १६७१०००५ | ५२५ | -१० |
| आँखुखोला जलविद्युत कम्पनी लि. | ८४ | ५४ | ५१ | ५४ | ३७९० | २०२८८० | ५३ | १ |
| अपि पावर कं. लि. | ११८ | ११२ | १०९ | ११० | ३६३२४ | ४००५७५४ | ११० | ० |
| अरूण कावेली पावर लि. | २३८ | १२१ | ११२ | ११८ | १०५३७४ | १२३७२९१७ | ११७ | १ |
| अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ५४ | ९६ | ९३ | ९४ | १५२७२ | १४४४९०४ | ९५ | -१ |
| आशा लघुवित्त वित्तिय संस्था लि. | १७२ | ७६० | ७४१ | ७६० | ७१२१ | ५३५२६२९ | ७५६ | ४ |
| एसियन लाइफ इन्स्योरेन्स कं. लि. | २९१ | ७१८ | ६९८ | ६९९ | ७१५६४ | ५०३७६९१९ | ७१० | -११ |
| बैंक अफ काठमाण्डु लि. | १५० | २३७ | २३० | २३२ | ३२३२७ | ७५१४६६९ | २३३ | -१ |
| वरूण हाइड्रोपावर कं. लि. | २८ | ९२ | ८६ | ८८ | २८४० | २५५४७५ | ८५ | ३ |
| वेस्ट फाइनान्स कं. लि. | ३५ | १०४ | ९९ | १०२ | ३६१५ | ३७२६१० | १०४ | -२ |
| बिशाल बजार कम्पनी लि. | ४ | १५८४ | १५५३ | १५५३ | ८० | १२६२३० | १६१६ | -६३ |
| वोटर्ल्स नेपाल (तराई) लि. | ३ | ६२७२ | ६२७२ | ६२७२ | ३५ | २१९५२० | ६४०० | -१२८ |
| वुटवल पावर कम्पनी लि. | १७० | ३८८ | ३६५ | ३६६ | १७३४३ | ६३९७३३६ | ३७० | -४ |
| सेन्ट्रल फाइनान्स कं. लि. | २७ | १२५ | १२० | १२३ | ६४३२ | ७९८३१६ | १२१ | २ |
| सेन्चुरी कमर्सियल बैंक लि. | २०८ | १७८ | १७४ | १७४ | ४८१०५ | ८४४५६७३ | १७५ | -१ |
| छिमेक लघुवित्त विकास बैंक लि. | १२२ | ११०० | १०८१ | १०८७ | ८७१५ | ९४८६४९० | १०९५ | -८ |
| छ्याङ्दी हाइड्रोपावर लि. | २६ | ८८ | ८६ | ८७ | १००८ | ८७७३३ | ८७ | ० |
| चिलेमी हाइड्रोपावर कं. लि. | १३९ | ४०८ | ४०० | ४०१ | २२४९६ | ९०६४०११ | ४०० | १ |
| सिटिजन बैंक इन्टरनेशनल लि. | १९२ | २०४ | १९४ | १९४ | ४५८७८ | ८९७६७०० | १९७ | -३ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रस्ट | १५४ | २९०४ | २८६७ | २८८० | ५६४० | १६२४३९८८ | २८७८ | २ |
| सिटिजन्स् म्युचल फण्ड-१ | ९ | १०.२५ | १०.०१ | १०.२५ | ३५६०० | ३६२९६० | १०.२ | ०.०५ |
| सिभिल बैंक लि. | १४४ | १४६ | १४२ | १४२ | ९६९८२ | १३९०८११६ | १४५ | -३ |
| सिभिल बैंक लि. प्रोमोटर शेयर | १ | १०० | १०० | १०० | ६०००० | ६०००००० | १०० | ० |
| सिभिल लघुवित्त वित्तिय संस्था लि. | ४५ | ७०९ | ६९५ | ७०० | २३३३ | १६३४२५९ | ७०३ | -३ |
| कर्पोरेट डेभलपमेन्ट बैंक लि. | ९ | १२३ | १२१ | १२२ | ६९९ | ८५००८ | १२१ | १ |
| डिप्रोक्स लघुवित्त वित्तिय संस्था लि. | ११८ | ९३१ | ८६७ | ८८१ | १२९६० | ११३७५०५२ | ८८७ | -६ |
| दिव्येश्वरी हाइड्रोपावर लि. | ३३ | ५२ | ४९ | ५२ | ५२५६ | २७१२०८.२ | ४९.१३ | २.८७ |
| एभरेष्ट बैंक लि. | १४९ | ७४१ | ७३० | ७३० | १२७२५ | ९३६२४१५ | ७३१ | -१ |
| एभरेष्ट बैंक लि. कन्भर्टिबल प्रिफरेन्स | १ | ६५० | ६५० | ६५० | ११५ | ७४७५० | ६५५ | -५ |
| एभरेष्ट इन्स्योरेन्स कं. लि. | २१६ | ४८१ | ४६७ | ४७० | ३१५२२ | १४९१९२५८ | ४७७ | -७ |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | २१ | ३०० | २९६ | २९९ | ३५६० | १०६४९०३ | ३०० | -१ |
| फस्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. | ६८३ | ५८१ | ५५४ | ५५५ | ८४१११ | ४७१९९९४३ | ५७२ | -१७ |
| फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ४७ | १६०० | १५४० | १५४८ | ३७१५ | ५७६४१२२ | १५६३ | -१५ |
| गणपति माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ३८ | ८४१ | ७९५ | ८२३ | ६८३ | ५५७६०० | ८२५ | -२ |
| गरिमा विकास बैंक लि. | ७५ | २४० | २३६ | २३८ | १३३२० | ३१६९६३१ | २४० | -२ |
| घलेमदी हाइड्रो लि. | ५२ | ६२ | ६० | ६० | २९९९ | १८०७७९ | ६२ | -२ |
| घोडीघोडा लघुवित्त वित्तिय संस्था लि. | १२ | ८३० | ८०१ | ८०६ | १३० | १०४७४० | ८३० | -२४ |
| ग्लोबल आईएमई बैंक लि. | ४०७ | २६३ | २५५ | २५६ | ८१३३८ | २०९१८८६० | २५८ | -२ |
| ग्लोबल आईएमई लघुवित्त वित्तिय संस्था लि. | ९९ | १२३५ | १२०० | १२०२ | ५०११ | ६०४८८४३ | १२३५ | -३३ |
| ग्लोबल आईएमई समुन्नत स्कीम-१ | १० | ८.९४ | ८.९२ | ८.९२ | २७००० | २४१०७० | ९.१ | -०.१८ |
| गुडवील फाइनान्स कं. लि. | ९ | १५२ | १५१ | १५२ | ३०२३ | ४५७३७३ | १५३ | -१ |
| ग्रामीण विकास लघुवित्त वित्तिय संस्था लि. | २०९ | ५५० | ५११ | ५२० | १६४३७ | ८५७१३९५ | ५२७ | -७ |
| ग्रीन डेभलपमेन्ट बैंक लि. | २८ | ११६ | ११३ | ११४ | ६०१५ | ६८६४५० | ११४ | ० |
| गुहेश्वरी मर्चेन्ट बैंक एण्ड फाइनान्स कं. लि. | २२ | १२४ | १२१ | १२३ | ४१८२ | ५०८८०४ | १२२ | १ |
| गुराँस लघुवित्त वित्तिय संस्था लि. | १३८ | ८२५ | ७९० | ८०७ | ८०३३ | ६४१७०८२ | ८४१ | -३४ |
| गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | २७७ | ५५० | ५३२ | ५३७ | २८३७३ | १५२८५९६३ | ५४० | -३ |
| गोर्खाज फाइनान्स लि. | २२ | १२९ | ११९ | १२० | ५२०१ | ६२४७५९ | १२३ | -३ |
| हिमाल दोलखा हाइड्रोपावर कं. लि. | ८७ | १०५ | ८८ | ९५ | ४१११० | ४२१८९७० | ९७ | -२ |
| हिमालय ऊर्जा विकास कं. लि. | ५१ | ९५ | ९२ | ९३ | ९७६ | ९०९७२ | ९५ | -२ |
| हिमालयन बैंक लि. | ७२ | ५८० | ५६७ | ५६८ | १२३११ | ७०२५३३१ | ५६८ | ० |
| हिमालयन डिष्टलरी लि. | १४४ | १७३० | १७१० | १७२९ | १७६१६ | ३०३०९०१६ | १७२० | ९ |
| हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १९१ | ४५६ | ४४१ | ४५२ | ३१२३६ | १४०९००४८ | ४४६ | ६ |
| हिमालयन पावर पार्टनर लि. | १८३ | १४८ | १३९ | १४४ | १५१०८ | २१५४६८९ | १३९ | ५ |
| हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभ. कं. लि. | १५५ | १३३ | १२९ | १३२ | ३२४९२ | ४२५९९२३ | १३० | २ |
| आईसिएफसी फाइनान्स लि. | २१ | १७९ | १७५ | १७५ | २८२६ | ४९६५०४ | १७६ | -१ |
| आईएमई जनरल इन्स्योरेन्स लि. | १२५ | ५११ | ४९५ | ४९८ | १६४३६ | ८२३५९१० | ५०५ | -७ |
| इन्फीनिटि लघुवित्त वित्तिय संस्था लि. | ११८ | ७७९ | ७४९ | ७६१ | ३७२७ | २८५४५४५ | ७६४ | -३ |
| जानकी फाइनान्स लि. | १६ | १७० | १६४ | १६४ | १७७६ | २९१८०४ | १६७ | -३ |
| जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक लि. | ४४ | १४३४ | १४०६ | १४१० | २०६८ | २९२५५१८ | १४३३ | -२३ |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ७४ | ६१ | ५८ | ५९ | २६६० | १५८४०० | ५९ | ० |
| ज्योती विकास बैंक लि. | ८६ | १७७ | १७१ | १७५ | २१९९३ | ३७९४४३४ | १७५ | ० |
| कालिका माइक्रोक्रेडिट डेभलपमेन्ट बैंक लि. | १२४ | ७९३ | ७६१ | ७७० | ४२२० | ३२४८३६४ | ७८० | -१० |
| कालिका पावर कं. लि. | २०० | १०९ | १०४ | १०९ | ६०९४ | ६५५००८ | १०४ | ५ |
| कामना सेवा विकास बैंक लि. | ४४ | १४५ | १४२ | १४२ | ९०२६ | १२९४४७० | १४५ | -३ |
| कर्णाली डेभलपमेन्ट बैंक लि. | २४ | १०६ | १०३ | १०४ | १०८२ | ११२४२६ | १०४ | ० |
| खानीखोला हाइड्रोपावर कं. लि. | ४० | ५४ | ५० | ५० | १७०९ | ८७८३२ | ५१ | -१ |
| कुमारी बैंक लि. | ३९७ | १९५ | १८९ | १९२ | १९४५१४ | ३७१७३२८४ | १८९ | ३ |
| लक्ष्मी बैंक लि. | २४२ | २४४ | २३८ | २४० | ७७१०६ | १८५७५३७४ | २३८ | २ |
| लक्ष्मी इक्वीटी फण्ड | ५ | ८.७५ | ८.६४ | ८.७५ | १८५१० | १६१२३१.४ | ८.८४ | -०.०९ |
| लक्ष्मी लघुवित्त वित्तिय संस्था लि. | २० | ११८५ | ११४२ | ११४२ | ११८४ | १३७७०८० | ११७५ | -३३ |
| लाइफ इन्स्योरेन्स कं. नेपाल | ६८ | १४८८ | १४६३ | १४७९ | १२५३४ | १८५१६२४४ | १४७६ | ३ |
| लुम्बिनी विकास बैंक लि. | ५१ | १९० | १८३ | १८३ | १२८८१ | २३७७९८१ | १८७ | -४ |
| लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १४७ | ५०१ | ४९० | ४९४ | ३०१५६ | १४८५३८४६ | ४९५ | -१ |
| माछापुच्छ्रे बैंक लि. | १११ | २३४ | २२९ | २३० | ६९५७७ | १६०२०४७७ | २३० | ० |
| महालक्ष्मी विकास बैंक लि. | ७७ | १९७ | १९० | १९१ | १४८१६ | २८६०१३० | १९८ | -७ |
| महिला सहयात्रा माइक्रोफाइनान्स वित्तिय संस्था लि. | २१ | ६७६ | ६६५ | ६६५ | ७१४ | ४७७१७२ | ६७६ | -११ |
| मञ्जुश्री फाइनान्स लि. | ५६ | २९२ | २७७ | २८० | ११६९५ | ३२७६८६६ | २८२ | -२ |
| मेगा बैंक नेपाल लि. | २२८ | २३२ | २२५ | २२६ | ५५०६४ | १२४८५१६९ | २२८ | -२ |
| मेरो माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ११० | ६७८ | ६६४ | ६७० | १११६८ | ७५१०८८६ | ६७६ | -६ |
| मिर्मिरे माइक्रोफाइनान्स डेभ. बैंक लि. | ३१ | ९३५ | ९०१ | ९०१ | २७०९ | २४८१६६३ | ९१२ | -११ |
| मितेरी डेभलपमेन्ट बैंक लि. | ३६ | ३४० | ३३२ | ३४० | ५२८३ | १७८६२७३ | ३३७ | ३ |
| मिथिला लघुवित्त वित्तिय संस्था लि. | २४ | ७६५ | ७४६ | ७४६ | २२९५ | १७२६१९९ | ७६८ | -२२ |
| माउन्टेन हाइड्रो नेपाल लि. | ३७ | ८० | ७८ | ७८ | १९९० | १५६८८० | ८० | -२ |
| मुक्तिनाथ विकास बैंक लि. | ११८ | ३३५ | ३२६ | ३२७ | २००६६ | ६५९११६२ | ३२९ | -२ |
| मल्टिप्रपोज फाइनान्स कं. लि. | ३५ | ११३ | १०६ | ११३ | ३३३६ | ३६५१६८ | १११ | २ |
| नबिल ब्यालेन्स फण्ड-२ | ६७ | ९.९९ | ९.४७ | ९.८९ | १५७४०० | १५५८४९५ | ९.४७ | ०.४२ |
| नबिल बैंक लि. | २४९ | ८५५ | ८४१ | ८४५ | २३००० | १९४४०६९२ | ८४१ | ४ |
| नबिल इक्वीटी फण्ड | ३८ | ९.२४ | ९ | ९.०१ | ९९३१३ | ९०६४४९.८९ | ९.१८ | -०.१७ |
| नाडेप लघुवित्त वित्तिय संस्था लि. | ८६ | ६३० | ६१२ | ६२२ | ४४३१ | २७४३३५१ | ६२९ | -७ |
| नेशनल हाइड्रोपावर कं. लि. | ५३ | ५४ | ५२ | ५४ | ३०६७९ | १६२२८२७ | ५२ | २ |
| नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | १४३ | ७२७ | ७०७ | ७१८ | २२३१७ | १६०२९५४१ | ७२० | -२ |
| नेशनल माइक्रोफाइनान्स वित्तिय संस्था लि. | २७ | १५८० | १५५६ | १५६३ | ५९१ | ९२५३०० | १५८६ | -२३ |
| नेको इन्स्योरेन्स कं. लि. | ८१० | ७९० | ७५१ | ७७७ | १६१६६६ | १२४६८९५५६ | ७५५ | २२ |
| नेपाल बंगलादेश बैंक लि. | १९४ | २०५ | १९८ | २०१ | ४६९५६ | ९४२३५१२ | १९९ | २ |
| नेपाल बैंक लि. | ४५३ | ३०५ | २९० | २९१ | १३००२३ | ३७९०२६०४ | २९१ | ० |
| नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक लि. | १८४ | २०१ | १९३ | १९३ | ६२४९९ | १२१९६४३८ | १९८ | -५ |
| नेपाल दुरसंचार कम्पनी लि. | ३५ | ६६७ | ६६० | ६६४ | ४५३९ | ३०१७८२५ | ६६७ | -३ |
| नेपाल फाइनान्स लि. | ४८ | १९२ | १८२ | १८२ | ६७५१ | १२५४०५२ | १८७ | -५ |
| नेपाल हाइड्रो डेभलपर्स लि. | २७ | १३३ | १३१ | १३२ | २७० | ३५५१० | १३३ | -१ |
| नेपाल इन्स्योरेन्स कं. लि. | ३८६ | ५२७ | ५१२ | ५२० | १०१३५२ | ५२७७७८०७ | ५१९ | १ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | २२३ | ४२७ | ४२२ | ४२४ | २०२९० | ८६०६२२६ | ४२२ | २ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. प्रोमोटर शेयर | ५० | ३७० | ३६० | ३६५ | २४६३२ | ८९५००२३ | ३७५ | -१० |
| नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | ४४३ | १३९० | १३६१ | १३७२ | ५३७३० | ७३९१२९९८ | १३६२ | १० |
| नेपाल रिइन्सुरेन्स कं. लि. | २६९८ | ७२२ | ७०३ | ७०९ | ३२५११७ | २३१२९४३२९ | ७१२ | -३ |
| नेपाल एसबीआई बैंक लि. | ९६ | ४४० | ४३१ | ४३४ | १५७६९ | ६८४०८०२ | ४३३ | १ |
| नेपाल सेवा लघुवित्त वित्तिय संस्था लि. | २३ | ७१७ | ६७७ | ७०० | ४३२ | ३०४७०० | ७१२ | -१२ |
| नेरूडे लघुवित्त विकास बैंक लि. | ३३ | ७६० | ७२२ | ७२२ | ३०९३ | २२६९८६५ | ७३६ | -१४ |
| नाङ्गदी ग्रुप पावर लि. | ३४ | १२० | ११७ | ११८ | ३१७६ | ३७६०३८ | १२० | -२ |
| एनआईबिएल प्रगति फण्ड | १८ | ८.४५ | ८.३ | ८.४२ | २३१८० | १९५३०९.६ | ८.३ | ०.१२ |
| एनआईबिएल समृद्धि फण्ड-१ | १० | ९.३२ | ८.९७ | ९.१४ | ३८००० | ३४९५४६ | ९.१४ | ० |
| एनआईसी एसिया ब्यालेन्स फण्ड | ४ | ९.५ | ९.४५ | ९.५ | ४०० | ३७९२ | ९.४९ | ०.०१ |
| एनआईसी एसिया बैंक लि. | ५७७ | ६०० | ५८६ | ५८८ | १४०८३७ | ८३१४७०८८ | ५९० | -२ |
| एनआईसी एसिया ग्रोथ फण्ड | ६ | १०.२६ | १०.२५ | १०.२५ | ८०८० | ८२८६० | १०.३५ | -०.१ |
| निर्धन उत्थान लघुवित्त वित्तिय संस्था लि. | ६५ | ९८० | ९६८ | ९७५ | ५८९१ | ५७४२३८८ | ९७६ | -१ |
| एनएलजी इन्स्योरेन्स कं. लि. | १३५ | ७२३ | ६९६ | ७१५ | २३२७३ | १६५१०३७३ | ७०८ | ७ |
| एनएमबी माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ५२ | ८०२ | ७७५ | ७७९ | २६५६ | २०८१९२५ | ७८७ | -८ |
| एनएमबी ५० | ८ | ९.४ | ९.२६ | ९.४ | ४५०० | ४१८२५ | ९.२२ | ०.१८ |
| एनएमबी बैंक लि. | ५५५ | ४४० | ४२६ | ४२६ | १६११७० | ६९५५३५१५ | ४३३ | -७ |
| एनएमबी हाइब्रीड फण्ड एल-१ | १५ | १० | ९.९५ | ९.९५ | ५९७९९ | ५९६४५३.२५ | १०.१५ | -०.२ |
| एनआरएन इन्फ्रास्टकचर एण्ड डेभलपमेन्ट लि. | २२७० | ३६९ | ३५२ | ३६९ | २८५५० | १०५२६१५० | ३३६ | ३३ |
| ओरेन्टल होटेल्स लि. | १०० | ३४९ | ३३० | ३४१ | २२७५७ | ७६६२६०३ | ३५० | -९ |
| पञ्चकन्या माई हाइड्रोपावर लि. | ८१ | ८४ | ७९ | ८० | १३२० | १०७३७० | ८२ | -२ |
| पाँचथर पावर कं. लि. | ११७ | ११७ | ११३ | ११५ | ३५६० | ४०९३२० | ११४ | १ |
| पोखरा फाइनान्स लि. | ३७ | १४९ | १४७ | १४९ | १३१२ | १९३९०४ | १५० | -१ |
| प्रभु बैंक लि. | २४३ | २४४ | २३५ | २३७ | ७८०५७ | १८५९८२०३ | २४० | -३ |
| प्रभु इन्स्योरेन्स लि. | ४८३ | ५८८ | ५५४ | ५६७ | ९५५३६ | ५४८०१९५४ | ५६० | ७ |
| प्रिमियर इन्स्योरेन्स कं. लि. | ३९५ | ७३१ | ७०६ | ७२० | ५५१२६ | ३९७०६३६२ | ७१३ | ७ |
| प्राइम कमर्सियल बैंक लि. | ३१३ | २९१ | २८४ | २८५ | ७३११६ | २०९९१३०८ | २८६ | -१ |
| प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | २६० | ६२० | ६०४ | ६१० | ४४४३० | २७१८८६०९ | ६२० | -१० |
| प्रोग्रेसिभ फाइनान्स लि. | २ | १०५ | १०४ | १०५ | १४४७ | १५११८८ | १०६ | -१ |
| पुरूडेन्सियल इन्स्योरेन्स कं. लि. | १०७ | ५१९ | ५०३ | ५०९ | १११४४ | ५७०६६४३ | ५१२ | -३ |
| राधी विद्युत कं. लि. | ८९ | १८१ | १७५ | १८१ | १८८६ | ३३५१३२ | १७५ | ६ |
| राइराङ हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ६३ | ९३ | ९० | ९२ | २२२० | २०४१४० | ९१ | १ |
| राष्ट्रिय बीमा कं. लि. | १० | ९८०० | ९६९० | ९७०१ | १२० | ११७०४२४ | ९७०१ | ० |
| राष्ट्रिय बीमा कम्पनी लि. प्रोमोटर शेयर | १५ | ८६४५ | ८३०७ | ८३७५ | ३७० | ३१२४८६० | ८४७६ | -१०१ |
| रसुवागढी हाइड्रोपावर कं. लि. | ३०५ | १५३ | १४६ | १४७ | १५९८० | २३७६६८० | १५३ | -६ |
| रिलायन्स फाइनान्स लि. | १४ | १२५ | १२२ | १२२ | ९५७ | ११८१३० | १२४ | -२ |
| रिडी हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ९८ | ९० | ८४ | ८४ | २०६४१ | १७८५६६० | ८६ | -२ |
| आर.एम.डि.सी. लघुवित्त वित्तिय संस्था लि. | १४३ | ८५३ | ८२९ | ८४० | १७९६८ | १५०१८७२४ | ८३७ | ३ |
| आर.एस.डि.सी. लघुवित्त वित्तिय संस्था लि. | १०५ | ५३६ | ५१७ | ५२२ | ८१३२ | ४२७५९४९ | ५३३ | -११ |
| सबैको लघुवित्त वित्तिय संस्था लि. | ११९ | ८३४ | ७७९ | ७८७ | १८०६ | १४१९६७२ | ७९५ | -८ |
| साधना लघुवित्त वित्तिय संस्था लि. | ३४० | ८४३ | ८३० | ८३२ | ४७१० | ३९२९०३० | ८३७ | -५ |
| सगरमाथा इन्स्योरेन्स कं. लि. | १७५ | ८७० | ८१७ | ८५४ | २९६११ | २४९५०३१६ | ८२९ | २५ |
| साल्ट ट्रेडिङ्ग कर्पोरेशन | ६ | २७५६ | २७५० | २७५५ | १७० | ४६८१७० | २७८९ | -३४ |
| समृद्धि फाइनान्स कं. लि. | ४५७ | १३७ | १२२ | १२५ | ५६३८३ | ७२५४१८१ | १२९ | -४ |
| सामुदायिक लघुवित्त वित्तिय संस्था लि. | ३४ | ८४५ | ८२५ | ८२५ | १०६० | ८८३५८० | ८६० | -३५ |
| साना किसान विकास बैंक लि. | १११ | १३८६ | १३४० | १३४२ | ७७३३ | १०४३२६३७ | १३६० | -१८ |
| सानिमा बैंक लि. | २०७ | ३५९ | ३४८ | ३४९ | ५०१६५ | १७७२०८२० | ३५६ | -७ |
| सानिमा इक्वीटी फण्ड | १० | ९.९७ | ९.८३ | ९.८८ | ३०५०० | ३०१४०५ | ९.९१ | -०.०३ |
| सानिमा माई हाइड्रोपावर लि. | १६१ | २४६ | २३७ | २३९ | ६७१८२ | १६१९०८२४ | २४० | -१ |
| सानजेन जलविद्युत कम्पनी लि. | २८७ | १४१ | १३६ | १३७ | ७०२० | ९६२६५४ | १३७ | ० |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | १४ | १२० | ११८ | ११९ | ३०३९ | ३६१४०७ | १२० | -१ |
| साग्रिला डेभलपमेन्ट बैंक लि. | २६ | १४७ | १४५ | १४५ | ६७१० | ९७९२२४ | १४७ | -२ |
| शिखर इन्स्योरेन्स कं. लि. | १३९ | १२७९ | १२५० | १२५० | १४७०९ | १८५१४६०७ | १२६४ | -१४ |
| शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | १४४ | २४७ | २३१ | २३५ | ३२७७४ | ७७५०९७६ | २४१ | -६ |
| शिवम् सिमेन्टस् लि. | ४५२ | ६८० | ६३७ | ६८० | १४६६६२ | ९५१८८४०८ | ६४७ | ३३ |
| श्री इन्भेष्टमेन्ट फाइनान्स कं. लि. | १५ | १५५ | १५१ | १५२ | ५५३३ | ८४२१९२ | १५५ | -३ |
| सिद्धार्थ बैंक लि. | १५२ | ३११ | ३०४ | ३०५ | ३५११९ | १०७६६२१८ | ३०५ | ० |
| सिद्धार्थ इक्वीटी फण्ड | १३ | ८.९२ | ८.८५ | ८.९२ | २३४०० | २०७५३० | ८.७७ | ०.१५ |
| सिद्धार्थ इन्स्योरेन्स लि. | १८८ | ७१० | ६८१ | ६९७ | २९६२४ | २०६६६६९५ | ६९८ | -१ |
| सिन्धु विकास बैंक लि. | २५ | १२९ | १२३ | १२७ | ४८७३ | ६१६५८१ | १२९ | -२ |
| सोल्टी होटेल लि. | २७ | १५९ | १५३ | १५७ | ११७५३ | १८३३६३३ | १५९ | -२ |
| स्पर्श लघुवित्त वित्तिय संस्था लि. | ६१ | ९३२ | ९१५ | ९१८ | २२४४ | २०६६१०३ | ९२५ | -७ |
| स्ट्याण्डर्ड चार्टड बैंक लि. | १५३ | ६७५ | ६५४ | ६६१ | ११३८७ | ७५३३४७८ | ६६५ | -४ |
| सनराईज बैंक लि. | ११७ | २३८ | २३० | २३३ | ३१७५२ | ७३९३१५५ | २३४ | -१ |
| सनराईज फष्ट म्युचल फण्ड | २ | ९.१४ | ९.१ | ९.१४ | ८०० | ७३०० | ९.१७ | -०.०३ |
| सपोर्ट माइक्रोफाइनान्स वित्तिय संस्था लि. | १३ | ९०६ | ८७५ | ८८० | २४७ | २१८१०० | ८९० | -१० |
| सुर्या लाइफ इन्स्योरेन्स कं. लि. | ६५१ | ५५० | ५२८ | ५४६ | १२७५४५ | ६९३६९४८१ | ५३८ | ८ |
| सुर्योदय लघुवित्त वित्तिय संस्था लि. | ५४ | ९८५ | ९४८ | ९६५ | २६७० | २५६६४५८ | ९७३ | -८ |
| स्वाबलम्बन लघुवित्त वित्तिय संस्था लि. | ३९ | १२५० | १२२७ | १२२७ | ६३४३ | ७८३९९७३ | १२४८ | -२१ |
| स्वाभिमान लघुवित्त वित्तिय संस्था लि. | ३३ | १००४ | ९६३ | ९६६ | १०४२ | १०१२०५१ | ९८५ | -१९ |
| स्वरोजगार लघुवित्त विकास बैंक लि. | ६२ | ८६९ | ८३४ | ८४८ | ४५१० | ३८१२२४७ | ८५५ | -७ |
| सिनर्जी पावर डेभलपमेन्ट लि. | ६३ | ११२ | ११० | ११० | ५८२२ | ६४६६७१ | १११ | -१ |
| तारागाउँ रिजेन्सी होटेल लि. | ३३ | २१९ | २१० | २१३ | ८१५९ | १७३४३३१ | २१५ | -२ |
| तिनाउ मिशन डेभलपमेन्ट बैंक लि. | १७ | १६८ | १६६ | १६६ | २७७१ | ४६३२७४ | १६८ | -२ |
| युनिलिभर नेपाल लि. | १ | १८७१७ | १८७१७ | १८७१७ | १० | १८७१७० | १९०९८ | -३८१ |
| युनियन हाइड्रोपावर लि. | ४२ | ५९ | ५४ | ५७ | ४८८० | २६८६४० | ५८ | -१ |
| युनाईटेड फाइनान्स लि. | १९ | १९१ | १८५ | १९१ | २५२३ | ४७७४३७ | १८८ | ३ |
| युनाईटेड इन्स्युरेन्स कं. (नेपाल) लि. | २६८ | ४१४ | ४०० | ४०८ | ६२७३७ | २५५३६२३४ | ४०६ | २ |
| युनाईटेड मोदी हाइड्रोपावर लि. | ४० | १०३ | १०० | १०३ | २६२६ | २६७०६७ | १०२ | १ |
| युनिभर्सल पवार कं. लि. | १०४ | ७३ | ७० | ७१ | ८५२२ | ६०२६७२ | ७१ | ० |
| अपर तामाकोशी हाइड्रोपावर लि. | २७१ | २२८ | २२३ | २२४ | ३२६५३ | ७३६०१७० | २२७ | -३ |
| विजय लघुवित्त वित्तिय संस्था लि. | ५९ | १०१५ | ९५० | ९५२ | ४३७७ | ४१९२९६२ | ९६२ | -१० |
| वोमी माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ३१ | ९१४ | ९०१ | ९०९ | २०३७ | १८५४०६१ | ९१० | -१ |

कुल कारोबार रकम : १,९८१,७६१,०५० | कारोबार भएको सेयर सङ्ख्या : ४,९६७,४०३ | कारोबार सङ्ख्या : २८,३८५

का.जि.प्र.का.द.नं. ४२/०६६/६७ आर्थिक राष्ट्रिय दैनिक

# मुरारकाद्वारा २० लाखको पीसीआर मेसिनलाई २८ लाख तिरेको बिल पेस

■ शंकर लुईंटेल

विराटनगर, भदौ ११

कोरोना संक्रमणको दर बढ्दै गएपछि विराटनगर महानगरपालिकाको समन्वयमा स्थानीय उद्योगी तथा व्यवसायीको चन्दा सहयोगमा खरिद गरिएको पीसीआर मेसिनमा अनियमितता भएको पाइएको छ । २० लाख रूपैयाँ मूल्य पर्ने मेसिनलाई आपूर्तिकर्ता शिरिष मुरारकाले आठ लाख बढाएर २८ लाखको खरिद मूल्य देखाएको पाइएको हो ।


पीसिआर मसिन खरिदपछि जारी भएको भ्याट बिल, सप्लायर्स व्यवसायी शिरीष मुरारका उनका बाबु प्रदीप मुरारका ।

उद्योगी मुरारकामार्फत खरिद गरिएको उक्त पीसीआर मेसिनको बिल मूल्य भ्याटसहित ३१ लाख ६४ हजार रूपैयाँ उल्लेख गरिएको छ । विराटनगर महनगरपालिकालाई बुझाइएको उक्त बिल जेएचएस एनालाइटिक ट्रेडर्स भाटभटेनी काठमाडौंको नामबाट जारी भएको छ । जेएचएस एनालाइटिक ट्रेडर्सले महानगरपालिकामा बुझाएको बिलमा मेसिनको मूल्य २८ लाख रूपैयाँ उल्लेख गरिएको छ । मेसिन निर्माता कम्पनी क्वायजेनले उक्त मेसिनको बिक्री मूल्य भारू १७ लाख १७ हजार आठ सय ३० रूपैयाँ र छुट मूल्य भारू १२ लाख ५० हजार उल्लेख गरेको छ । यसरी छुट मूल्यअनुसार मेसिनको मूल्य नेपाली २० लाख रूपैयाँ मात्र पर्ने व्यवसायीहरूको भनाइ छ । कोरोना संक्रमणको दर बढेपछि महानगरले परीक्षणको दायरा बढाउन प्रदेश सरकारलाई पटक–पटक आग्रह गर्दा पनि बेवास्ता गरेपछि महानगरपालिकाका मेयर भीम पराजुलीको पहलमा उक्त पीसीआर मेसिन खरिदका लागि रकम संकलन गरिएको थियो । महानगरले मेसिन खरिद प्रक्रियाको जिम्मेवारी स्थानीय उद्योगपति प्रदीप मुरारकाका छोरा शिशिर मुरारकालाई दिएको थियो । संक्रमित व्यक्तिहरूको संख्या दैनिक बढेपछि संकलित स्वाबको रिपोर्ट आउन न्यूनतम ५ दिन पर्खिनुपर्ने अवस्था सिर्जना भएपछि मेयर पराजुलीको अग्रसरतामा नै मसिन खरिद गर्ने निर्णय भएको हो । मेयर भीम पराजुलीले पीसीआर मेसिन खरिदका लागि विराटनगरका उद्योगी व्यवसायीसँग समेत छलफल गरी खरिद गर्नको लागि मुरारकालाई जिम्मा दिएका थिए ।

विराटनगरका सर्वसाधारण, समाजसेवी, उद्योगी तथा व्यवसायीहरूले चन्दा सहयोग समेत जुटाएर खरिद गरिएको मेसिनमा व्यवसायी शिरिष मुरारकाले आठ लाख मूल्य बढाएर अनियमितता गरेका छन् । मेसिन खरिदका लागि उद्योगीहरु समेत रहेको 'कोभिड राहत कोष' नामको समिति बनाई बैंकमा छुट्टै खाता खोलेर पैसा जम्मा गरिएको थियो । कोसी अस्पताल विराटनगरका ल्याब प्रमुख डा. कामना शर्मा र डाक्टर सुशील तापडियाको सुझावअनुसार जर्मनमा निर्मित क्वायजेन कम्पनीको रोटर–जेन क्यू ५ प्लेक्स एचआरएम सिस्टम मोडलको पीसीआर मेसिन खरिद गरिएको बताइएको छ । उक्त मेसिनमा कुनै समस्या आए तुरुन्तै स्वाबलाई अर्को मेसिनमा राखेर परीक्षण गर्न सकिने र परीक्षण नरोकिने भएकोले उनीहरूले सोही मोडेलको पीसीआर किन्न उपयुक्त हुने सुझाव दिएको थिए । उनीहरूको सुझावअनुसार सोही मोडलको मसिन खरिद गरेको महानगरले जनाएको छ । मेसिन खरिदका लागि भएको छलफलमा उक्त पीसीआर मेसिन तत्कालै कसले दिन सक्छ भनि सोधीखोजी गर्दा उद्योग संगठन मोरङका उपाध्यक्ष समेत रहेका प्रदीप मुरारकाले म दिन सक्छु त्यो पनि अति सस्तोमा भन्ने बाचा गरेपछि उनैमार्फत मसिन खरिद भएको थियो ।

विराटनगरका उद्योगीहरूले पीसीआर मेसिन खरिदका लागि सहयोग दिन थालेपछि मुरारकाले पनि पाँच लाख रूपैयाँ सहयोग दिने घोषणा गरेका थिए । तर उनै मुरारकाले सो मेसिन छोरा शिरिषमार्फत झिकाएर आठ लाख बढी मूल्य लिएको पाइएको हो । मेसिन खरिद गर्न आफूले दिएको सहयोगभन्दा ३ लाख बढी रूपैयाँ उल्टै मुरारकाले लिएको स्थानीयको भनाइ छ । उद्योगी मुरारकाले पीसीआर मेसिन खरिदमा पाँच लाख चन्दाको घोषणा गर्दा छलफलमा सहभागी सबै व्यापारी तथा उद्योगी समेतले आश्चार्य व्यक्त गरेको थिए । स्रोतका अनुसार शिरिष मुरारकाले मेसिन उनकै साथी काठमाडौं निवासी राजीव बाजोरियामार्फत खरिद गरेका हुन् । शिरिष मुरारका काठमाडौंमा बसेर मेडिकल उपकरणहरूको आयात गर्ने काममा संलग्न रहेको मुरारका निकटका उद्योगीहरूले जानकारी दिएका छन् । मुरारकामार्फत खरिद गरिएको उक्त पीसीआर मेसिन विराटनगर महनगरपालिकालाई गत सोमबार हस्तान्तरण गरिएको थियो ।


**मकैको थाङ्ग्रो** : रामपुर नगरपालिका–६, का किसानले घरनजिकै थाङ्ग्रो बनाएर सुरक्षित राखिएको मकै । *तस्बिर : रासस*

# एभरेष्ट बैंकद्वारा पीसीआर परीक्षणका लागि सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेट्रीसँग सहकार्य

एभरेष्ट बैंक लिमिटेड EVEREST BANK LIMITED (A joint-Venture with punjab national bank, India)

Central Diagnostic Laboratory Committed to quality

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ ११

एभरेष्ट बैंक लिमिटेडले आफ्नो ग्राहकहरूको सुरक्षालाई ध्यानमा राखी आरटी–पीसीआर परीक्षणको लागि सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेट्री (सी.डी.एल), कमलपोखरीसँग सहकार्य गरेको छ ।

हाल कोभिड–१९ को कठिन समयमा ग्राहकहरूको सहजताको लागि एभरेष्ट बैंकले आरटी–पीसीआर परीक्षणमा छुटको व्यवस्था गरेको छ । जसअन्तर्गत एभरेष्ट बैंकको डेबिट र क्रेडिट कार्डहोल्डर ग्राहकहरूले सीडीएलबाट आरटी–पीसीआर परीक्षण गर्दा सरकारी दरअनुसार लाग्ने पाँच हजार पाँच सय रूपैयाँमा १० प्रतिशत छुट प्राप्त गर्नेछन् । नगद करोबारमा पनि कोभिड १९ को जोखिम भएको हुँदा, ग्राहकहरूले ईबीएल मोबाइल बैकिङ एप प्रयोग गरेर पनि कोभिड १९ परीक्षण शुल्क भुक्तानी गर्न सक्नेछन् । बैंक र सीडीएलबीचको सहकार्य, बैंकका नायब महाप्रबन्धक, डा. सन्धीरकुमार र सीडीएल प्रयोगशालाका कार्यकारी निर्देशक, मनिष पोखरेलको उपस्थितिमा सम्पन्न भएको छ ।

# रुम्जाटारमा कोरोना अस्पताल

■ महेन्द्र शाही

सोलुखुम्बु, भदौ ११

सोलुखुम्बु, ओखलढुंगा र खोटाङका कोरोना संक्रमितलाई उपचार गर्नका लागि अब विराटनगर जानुपर्ने बाध्यता अन्त्य भएको छ । यी तीनवटा जिल्लाका लागि ओखलढुंगाको रूम्जाटारमा कोरोना अस्पताल निर्माण गरिएसँगै तराई जानुपर्ने बाध्यताको अन्त्य भएको हो । गत साउन ३० गतेबाट रूम्जाटारमै कोरोना अस्पताल सञ्चालनमा आएसँगै तीन जिल्लाका कोरोना संक्रमितलाई पीसीआर पोजेटिभ देखिनेबित्तिकै विराटनगर लैजानुपर्ने बाध्यताको अन्त्य भएको छ । रूम्जाटारमा नै कोरोना अस्पताल बनेपछि स्थानीयलाई आर्थिक र भौतिक रूपले समेत सहज भएको बताइएको छ ।

प्रदेश १ को सामाजिक विकास मन्त्रालयले आइसोलेसन व्यवस्थापन गरेर तीन जिल्लाका संक्रमित राख्न निर्देशन दिएसँगै ओखलढुंगाको रूम्जाटारमा तत्कालका लागि २० शैय्याको कोरोना अस्पताल सञ्चालनमा आएको छ । विगतमा पीसीआर पोजेटिभ देखिनेबित्तिकै उपचारका लागी विराटनगर वा धरान लैजानु पर्ने बाध्यता थियो । तर अहिले त्यो बाध्यताको अन्त्य भएको स्वास्थ्य कार्यालय सोलुखुम्बुका प्रमुख रमेश खकुरेल बताए । उनका अनुसार रूम्जाटार नजिक हुनका साथै हावापानी समेत सुहाउँदो रहेकाले बिरामीलाई सहज हुने उनको विश्वास रहेको छ । रूम्जाटारमा अस्पताल खोलिएपछि सोलुखुम्बुमा कुनै पनि कोरोना संक्रमित नदेखिएकाले अहिले कसैलाई पनि त्यहाँ पठाइएको भने छैन । खकुरेलले भौतिक दूरी समेत नजिक भएकाले निको भइसकेपछि आउन पनि सहज हुने बताए । सोलुखुम्बु र खोटाङबाट विराटनगरको दूरी करिब ४ सय किलोमिटर छ भने ओखलढुंगाबाट ३ सय ५० किलो मिटर छ । संक्रमितलाई विराटनगर पठाउँदा मनोवैज्ञानिक हिसाबले समेत आत्माबल गिर्ने भएकाले रूम्जाटारमा उपचारको व्यवस्था हुनु सुखद भएको स्वास्थ्य कार्यालय ओखलढुंगाका प्रमुख सुमन तिवारीको भनाइ छ । अहिले जिल्लामा कोराना संक्रमित देखिएका सबैलाई यही उपचार गराउने गरेको उनले बताए ।

# नेपाल बंगलादेश बैंकद्वारा ५ हजार थान जीवनरक्षक मानिएको औषधि रेम्डिसिभर हस्तान्तरण

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ ११

नेपाल बंगलादेश बैंकले कोभिड १९ को उपचारमा प्रयोग हुने जीवनरक्षक औषधि अभाव भइरहेको बेला दुई करोड २५ लाख रूपैयाँबराबरका औषधि सहयोग गरेको छ । आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई मनन गर्दै बैंकको संयुक्त लगानीको बैंक आईएफआईसी बैंक, बंगलादेश तथा औषधि उत्पादक बेक्सिमको फर्मास्युटिकल, बंगलादेशको संयुक्त पहलमा ती औषधि सहयोग गरिएको हो ।




हाल देशमा आइपरेको विषम परिस्थिति र तत्पश्चात् कोभिड १९ को जीवनरक्षक मानिएको औषधि रेम्डिसिभर पाँच हजार थान बिहीबार ढाकास्थित नेपाली राजदूत डा. वंशिधर मिश्रालाई हस्तान्तरण गरिएको छ । उक्त औषधि अबको एक–दुई दिनभित्रमा नेपाल आइसक्ने र सर्वसाधारण जनताको जीवन रक्षामा प्रयोग हुने बैंकले जनाएको छ । उक्त औषधिको हालको बजारमूल्य करिब दुई करोड २५ लाख रूपैयाँभन्दा बढी रहेको छ । नेपाल बंगलादेश बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत यसअघि पनि नेपाल सरकारको कोभिड १९ फण्डमा एक करोड ४५ लाख रूपैयाँ प्रदान गरिसकेको छ । समाजप्रति एक जिम्मेवार बैंकको हैसियतले बैंक सदैव आफ्नो जिम्मेवारी बहन गर्न तयार रहेको छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं । मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर नपर्ने गरी समाचार सम्प्रेषण गरौं ।।**

- पत्रकार तथा सञ्चारमाध्यमले अशक्त, असहाय, अल्पसंख्यक, महिला तथा ज्येष्ठ नागरिक, अपाङ्ता भएका व्यक्ति बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुर्‍याउन हुँदैन ।
- पत्रकार तथा सञ्चारमाध्यमले बालबालिकासम्बन्धी सामग्री संकलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरु गर्नु हुँदैन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# किसानलाई अलैँचीको चटारो, उत्पादन बढ्यो, भाउ छैन

इलाम भदौ ११ । बेँसी र चुरे क्षेत्रका किसानलाई यतिबेला अलैँचीको चटारोले छोपेको छ । अलैँचीको सिजन सुरू भएकाले टिप्ने र छोडाउने कामको चटारो परेको हो । मौसम राम्रो भएकाले अहिले अलैँची टिप्न उपयुक्त भएको किसानको भनाइ छ । गएका वर्षामा यो सिजनमा पानी परेकाले अलैँची कुहियो । तर, यो वर्ष घाम लागेकाले समस्या छैन । किसानका अनुसार यो वर्ष उपयुक्त मौसम भएकाले अलैँचीमा उल्लेखनीय फल देखिएको छ ।



रोग नदेखिएको र अलैँची राम्रो पाकेकाले उत्पादन दोब्बर हुने अनुमान रहेको माइजोगमाइस्थित मलुमझुवाका किसान राम आचार्य बताउँछन् । आचार्यका अनुसार यो वर्ष वैशाखदेखि असारसम्म अलैँचीलाई आवश्यक पर्ने पानी परेकाले उत्पादन बढेको हो । 'भार्लाङ जातको अलैँची राम्रो फलेको छ', आचार्यको भनाइ छ । विगतका वर्षमा रोगले शिथिल बनाए पनि यस वर्ष अलैँचीमा रोग देखिएको छैन । 'टिप्ने र छोडाउने काम एकैचोटी चलेको छ । उत्पादन बढेको छ', आचार्यले भने । गत वर्ष छ मन (एक मनमा ४० किलो) भएकामा यस वर्ष १० मन अलैँची हुने उनको अनुमान छ । उत्पादन बढे पनि अलैँचीको भाउ नआएकाले किसान निराश छन् । खेती प्रविधिमा सुधार गरेर किसानले अलैँचीको उत्पादन बढाए पनि विगतका वर्षमा भन्दा यस वर्ष भाउ खुम्चिएको छ । कोरोनाले समस्यामा पारेकाले अलैँचीको प्रतिमन ३० हजार रूपैयाँ पुग्न सकेको छैन । खेतबारीको अधिकांश भागमा अलैँचीखेती नै लगाएकाले बजार मूल्यमा नै बेच्न बाध्य हुनुपरेको माइजोगमाई–१ नयाँबजारका किसान धर्म भट्टराई बताउँछन् । अलैँचीको तालिमपछि आफूले खेतीमा सुधार ल्याए पनि कम मूल्यमा अलैँची तौलिनुपरेको भट्टराईको दुखेसो छ ।

भट्टराईको यस वर्ष मात्रै १५ मन अलैँची उत्पादन हुने अनुमान छ । तर भाउ २० हजार रूपैयाँकै अनुपातमा भएकाले आम्दानी धेरै नहुने उनी बताउँछन् । विगतका वर्षमा अलैँची कम उत्पादन हुँदा अलैँचीको भाउ प्रतिमन एक लाख रूपैयाँसम्म पुगेको थियो तर अहिले भाउ घटे पनि किसानले अलैँची खेती गर्न छाडेका छैनन् । किसानको उल्लेखनीय आम्दानी दिने बालीमा पर्ने अलैँचीमा अन्य खेतीको तुलनामा लागत कम पर्छ । त्यसैले वर्षेनी भाउ घटे पनि अलैँचीको उत्पादनमा गिरावट नआउने गरेको रोङ गाउँपालिकाका किसान कुमार मोक्तान बताउँछन् । गएका वर्षमा पाँच मन हाराहारीमा अलैँची उत्पादन गरेका मोक्तानको यस वर्ष आठ मन हुने अनुमान छ । दशकअघि पनि अहिलेजस्तै अलैँची उत्पादन हुन्थ्यो तर बीचका केही वर्ष मासिएपछि सशंकित हुँदै किसानले अरु खेतीमा प्राथमिकता दिएका थिए । अहिले भने फेरि किसान अलैँचीमै लागेका छन् । विभिन्न सङ्घसंस्था र स्थानीय सरकारले अलैँचीमा प्रविधि र तालिम ल्याएपछि किसान अलैँचीमा लागेका अलैँची व्यवसायी सङ्घका केन्द्रीय सचिव मातृका घिमिरले बताए ।

## सीमामा सकस

कोरोनाले नेपालका सीमावर्ती क्षेत्रमा सिल भएपछि अलैँची निर्यातमा समस्या छ । पूर्वी क्षेत्रको मुख्य भन्सार मेची भन्सार काँकडभिट्टा क्षेत्रमा सिल भएकाले अलैँची निर्यातमा सकस परेको व्यवसायीको भनाइ छ । महामारीले भारतीय बजार छिटपुट मात्रै खुला छन् । सदाजस्तो खुला नभएकाले थोरै परिमाणमा मात्र अलैँची निर्यात भइरहेको अलैँची व्यवसायी संघका सचिव मातृका घिमिरेले बताए ।

नेपालबाट जाने अलैँची भारत भएर नै तेस्रो मुलुक जान्छ । केही समयअघि भारतले अघोषित नाकाबन्दी गरेकाले १४ दिनसम्म अलैँचीलगायत कृषिजन्य पदार्थ नेपालतर्फ थन्कियो । यस्ता समस्या वर्षेपिच्छे आउँदा ठूलो रकम चुना लाग्ने गरेको व्यवसायीको भनाइ छ । व्यवसायी घिमिरेका अनुसार भारतले नेपाली अलैँचीको गुणस्तर घटाउन अनेक तिकडम लाउने गरेको छ । नेपाल सरकारको पहल उचित नहुँदा नेपाली अलैँचीको गुणस्तर विश्व बजारमा पुर्‍याउन नसकिएको उनको भनाइ छ । नेपाली अलैँचीको गुणस्तर अन्य ठाउँको भन्दा राम्रो हुँदा पनि कम मूल्यमा बेच्नुपरेकाले राष्ट्रलाई आम्दानीमा घाटा परेको घिमिरेको भनाइ छ । आव २०७६/७७ मा ५० लाख १२ हजार ६९४ किलो अलैँची नेपालबाट निकासी भएको वैदेशिक रोजगार तथा प्रवर्द्धन केन्द्रको तथ्यांक छ । *रासस*

चाहना पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : कुपण्डोल, ललितपुर, फोन : ०१–५९०२१३६, फ्याक्स : ०१–५९०२१३९ E-mail : aarthik.dainik@gmail.com, मुद्रण : एक्सप्रेस कलर प्रेस, बुद्धनगर, सम्पादक : प्रल्हाद रिजाल